# अध्याय - एक

# परिचय

रोधी शब्द दुई फरक शब्द गुरुङ भाषाको शब्द 'रो' र 'धी' को सन्दी भएर बनेको शब्द हो । रोधी शब्दको उत्पत्तिबारे दुई फरक भनाई पाइन्छ । पहिलो सिकारी युगसँग जोडिएको पाइन्छ भने दोस्रो पशुपालन युगसँग जोडिएको पाइन्छ । 'धी' भनेको घर हो । यसमा कुनै फरक मत रहेको छैन भने, रो को अर्थबारे भने केही फरक धारणा रहेको पाइन्छ । एकथरी अध्ययनले 'रो' भनेको 'सुत्नु' हो भनेका छन् भने अर्कोथरीले 'रो' लाई बुन्नु सँग जोडिएको पाइन्छ । 'रो' लाई 'सुत्नु' भन्ने अर्थसँग जोडिएकाहरुको भनाइ अनुसार प्रारम्भमा सिकारी युगमा उमेर पुगेका जवानहरु सिकार खेल्न जान्थ्यो भने अस्थायी बसोबास गरेका स्थानको छेउछाउमा जंगली जनावरले आक्रमण गर्ने डर हुने भएकोले घरमा रहेका बृद्धबृद्धा, बालबालिका तथा महिलाहरु बस्तीको बिचमा रहेको ठुलो घरमा सुत्ने गरेको पाइन्छ । त्यसरी सबै जना भेला भएर समूहमा सुत्ने घर नै अन्ततः रोधीको रुपमा विकसित भएको पाइन्छ । 'रो' लाई 'बुन्नु' बनेर भनिएका अध्यताले भने गुरुङ जातिको मुख्य पेशा भेडापालन रहेको र रोधीमा राडीपाखी बुन्नु, ऊनबाट धागो निकाल्ने तथा विभिन्न हस्तकलाका सामग्रीहरु बुन्ने घर भएकाले रोधी भनिएको पाइन्छ ।

शाब्दिक अर्थमा जसरी व्याख्या गरिए पनि रोधी युवतीहरूको समूहबाट निर्धारण गरिएको एउटा घर हो । जहाँ युवतीहरू साँझको बेलामा जम्मा भएर बस्ने गर्दछन् । *Ellen Andore* ले उनको शोधमूलक आलेख *"The Rodighar and It's Role in Gurung Society"* मा 'रो' को अर्थ सुत्ने साथी वा बुन्ने र 'धी' को अर्थ 'घर' भनी रोधीलाई साथीहरू जम्मा भई बुन्ने र सुत्ने घर हो भनि खुलस्त गरेका छन् ।

"रोधीको प्रारम्भ कहिलेदेखि भयो भन्ने बारेमा किटानका साथ भन्न नसकीएता पनि यो प्रचलन प्राचीन कालदेखि नै गुरुङ समाजमा एउटा सांस्कृतिक धरोहर र ऐतिहासिक परम्पराकै रूपमा विकसित हुँदै आएको र यसले समयको एउटा लामो कालखण्डलाई पार गरिसकेको बुझ्न सकिन्छ" (गुरुङ संस्कृति, २०६७) । दीपेन्द्र गुरुङले २०६७ सालमा गरेको शोधपत्र 'गुरुङ संस्कृति' लाई आधार मान्ने हो भने रोधीको प्रचलन गुरुङहरूको उद्‌गम स्थल भनि मानिएको क्होला सोथार बाट नै सुरु हुँदै आएको देखिन्छ । समयको विभिन्न कालखण्डसँगै रोधीको अस्तित्व पनि विस्तारै परिवर्तन हुँदै गएको देख्न सकिन्छ । प्रारम्भमा रोधी जमघट र

दुःखसुख बाँड्ने स्थानको रूपमा स्थापित भए पनि विस्तारै हस्तकलाको सामग्रीहरू बुन्ने धागो काट्ने, चकटी बुन्ने, राडीपाखीको प्रारम्भिक कामहरू गर्ने स्थल हुँदै अहिले आएर गाउने, नाच्ने र अन्य मनोरञ्जनको क्रियाकलापहरू गर्ने स्थानको रूपमा परिणत भयो । सुरुवातमा रोधीमा मौलिक बाजाहरूको प्रयोग हुन्थ्यो । मादल, खैजडी, मुख्य बाध्यवाधनका साधनहरू थिए भने पछिल्लो कालमा विद्युतीय सञ्चारका सामग्रीहरूको विकाससँगै रेडियो, टेप रेकर्डरहरूले मौलिक बाजाहरूलाई विस्थापित गऱ्यो । "आधुनिक दृष्टिकोणले परिभाषा गर्ने हो भने पाश्चात्य समाजमा पाइने नाइट क्लब, जस्तै रोधी घर पनि एउटा क्लब हो" (गुरुङ, २०३४) । यस वाक्यंशलाई आधार मान्ने हो भने मौलिक रोधीलाई आधुनिकताले विस्थापित गरी अहिलेको अवस्थामा पुऱ्याएको देख्न सकिन्छ । रोधी घरको नाममा विभिन्न पश्चिमी संस्कृतिहरु भित्रिएको पाइन्छ। मौलिक रोधीको लोप हुँदै गएको पाइन्छ। शहर बजारमा रोधी घरको नाममा विभिन्न दोहोरी साँझ र डान्सबार, रोधी घर आदि विकास भइरहेको अवस्थामा रहेको पाइन्छ । "रोधी युवायुवतीको एक साझा सामुहिक संस्था हो" (खत्री, २०५८) । यस भनाईलाई आधार भन्ने हो भने रोधी घर एक किशोर अवस्थामा प्रवेश गरेका युवायुवतीहरुको सामुहिक भावना जगाउने एक सामाजिक संस्थाको रुपमा लिन सकिन्छ। रोधी घरमा समूहमा बस्ने देखि लिएर गुरुङ संस्कृतिको बारेमा जानकारी दिने तथा सिकाउने संस्था भएकोले रोधी घरलाई एक सामुहिक सामाजिक संस्थाको रुपमा लिइएको पाइन्छ।

## १.१ अध्ययनको पृष्ठभूमि

प्रारम्भमा मनोरञ्जनको साधनहरू पर्याप्त मात्रामा नहुँदा युवतीहरूले आफ्नो उमेर समूहको एक जना युवतीको घरलाई छानेर रोधी घोषणा गरि उक्त युवतीलाई 'रोधीरबा' उपमा दिई सो युवतीको आमालाई 'रोधी आमा' र बुबालाई 'रोधी बाबा' मानि उक्त घरलाई उनीहरूको भेला हुने घर निर्धारण गरिन्छ । रोधी युवक र युवतीहरूको छुट्टाछुट्टै हुन्छ तर विशेष गरेर युवतीहरूको रोधी नै बढी चल्तीमा पाइन्छ। बेलुका खाना खाइसकेपछि युवतीहरू रोधीमा जम्मा हुन्छन् र बसेर हातले गर्न हुने काम जस्तै पराल, उन, फुवा, धागो आदि साथमा लागि चकटी, बख्खु, राडी, भाङ्ग्रा, स्वीटर, थैला बुन्ने र एक अर्कासँग रमाइला गफ गर्दै समय व्यतीत गर्ने गरिन्थ्यो । यसो गर्दा उनीहरूको दिन भरीको थकान मेटिन्थ्यो र आनन्दले निदाउन सक्थे ।

यसरी शुरु भएको रोधी घरमा समयको वहकावसँगै परिवर्तनहरू हुँदै आए। युवतीहरू जम्मा भएको ठाउँमा गाउँका युवाहरू पनि आउँन थाले । यसो हुनु स्वभाविकै पनि हो र

समाजले यसलाई सामान्य रूपले स्वीकाऱ्यो । युवाहरूको रोधीमा आगमन बढेसँगै रोधीको आकर्षण पनि बढ्यो । हिजो सबै मिलेर बुन्ने र दुःखसुख साटासाट गर्ने घर आज नाचगानको मुख्य थलो बन्न पुग्यो । युवा युवतीहरू मिलेर दोहोरी गाउने र दोहोरीको माध्यमबाट नै आ-आफ्नो 'परै मैमै' नजिकको युवा साथीहरू र युवतीहरूलाई युवाहरूको आफ्नो 'परै रिमै' नजिकको युवती साथीहरूको रूपमा ग्रहण गर्न थाले । एकले अर्को समूहलाई आफ्नो एकदमै हितैषी साथीहरूको भनेर स्वीकार गरीसके पछि सँगसँगै हासखेल गर्ने, मनको भावनाहरू साटासाट गर्ने, सँगसँगै हुरी पर्मको काम गर्ने, भोज भतेर गर्ने र मन मिलेको खण्डमा उही 'परै मैमै' र रिमैहरू मध्येबाट विहेवारी पनि हुने चलन बस्दै गयो । युवा युवतीहरू आफै भित्र हिमचिम बढीसके पछि दुबैको सहमतिमा भागेर बिहे गर्ने चलन बढ्दै गएपछि समाजमा उतिबेला मागी विहे गर्ने परम्परा प्रायः शुन्य नै भयो ।

मौलिक रोधी एकदमै साँस्कृतिक र अनुशासित थियो । युवा र युवतीको बीचमा सौन्दर्यता र सम्मानको भाव थियो । एकले अर्कालाई नाम काटेर बोलाउदैन थे । बोलाउनको लागि मायालु साइनो जस्तै, डोलो, डोल्स्यो साइनोले बोलाइन्थ्यो । त्यही साइनो आजीवनको लागि बोलाउने साइनो बन्दथ्यो । परिचय गर्ने चलन पनि काइदाको थियो । परिचय गर्दा चुरोट साटासाट गर्थे, आफ्नो नाम लेखेको चुरोट युवतीलाई दिन्थे र उक्त चुरोट युवतीले पनि चिनो स्वरूप नहराईकन राख्ने चलन थियो ।

रोधी घरमा बस्ने चलन पनि एकदमै राम्रो थियो । रोधीमा युवाहरू युवतीहरूसँग बस्दैनथे । युवाहरूलाई बस्नको लागि छुट्टै गुन्द्री वा वख्खु/राडी ओछ्याइएको हुन्थ्यो । युवाहरू अनुशासित भएर तोकिएको ठाउँमा बसी युवतीहरूसँग भलाकुसारी गर्थे । रोधी बसाईको समय युवा युवती बीच भएको रोमाञ्चकतामा भर पर्थ्यो । कहिलेकाही एकैछिनमा पनि बसाइ छोटिन सक्थ्यो भने कहिले काहि हप्तौ सम्म पनि बसाइ लम्बिन सक्दथ्यो । युवाहरूको कौशलताले पनि बसाइ लम्ब्याउन विशेष भूमिका खेल्दथ्यो । रोधीमा आएका युवाहरू गायनमा वा नृत्यमा अब्बल भएको खण्डमा रोधी आमाको स्वीकृतिमा उक्त युवाहरूलाई युवातीहरूले समातेर राख्ने थियो ।

परम्परागत रोधीमा 'परै मैमै' (उमेर समूहका युवाहरू) ले 'परै रिमै' (उमेर समूहका युवतीहरू) लाई कसरी खुसी बनाउन सकिन्छ भनेर उनीहरूलाई मन पर्ने क्रियाकलापहरू मात्रै गर्ने गर्दथे । आफ्ना 'परै रिमै' हरूको रोधीमा मादल उपहार चढाउने, गोठबाट दुध मागेर ल्याएर खिर पुऱ्याउने, बदलामा युवतीहरूलाई घर घरमा पुऱ्याउने गर्दथे । पछि यो चलन

खर्चालु भएको हुनाले बन्द गरियो । यति मात्रै नभएर युवाहरूले दशैमा रोटे पिङ्ग र लिङ्गे पिङ्ग हाल्दा आफ्नो 'परै रिमै' हरूले खाजा पुऱ्याउने र 'परै मैमै'हरूले उनीहरूको रोधीमा मासुको खोले पुऱ्याउने पनि गर्दथे । यसरी एक पक्षले केही पुऱ्याउने पनि गर्दथे । यसरी एक पक्षले केही पुऱ्याउन आउँदा अर्को पक्षले बदलामा केही पुऱ्याउने चलन रोधीबाट नै शुरु भयो । यो चलनलाई गुरुङ भाषामा 'सेका' भनिन्छ र अझै पनि कताकता अदृश्य रूपमा यथावत नै छ । यति मात्र नभएर रोधीका सदस्यहरू खेतीको काम गर्दा सबै मिलेर गर्ने, जात्रा, मेला तिर्थ आदि जाँदा पनि मिलेर जाने र रोधी भित्रका कुनै पनि सदस्यको विहे हुँदा सँगसँगै पुऱ्याउने लिन जाने आदि गर्दछन् । यस्तो चलनले युवाहरूलाई धेरै मनोरञ्जनको साथै अनुशासनमा बाँधिने बानी बसेको हुन्छ ।

समग्रमा रोधी गुरुङहरुको ऐतिहासिक र सांस्कृतिक पहिचान हो । समयको परिवर्तनसँगै रोधी पनि परिस्कृत र परिवर्तन हुँदै गएको पाइन्छ । जहाँ मौलिकतालाई आधुनिकताले विस्थापित गर्दै गएको छ । मादल र खैजडीको स्थानमा आधुनिक बाजाहरु रोधीमा भित्रिए, ठाडो र लामो भाकाका गीतहरुलाई आधुनिक गीतहरुले विस्थापित गऱ्यो । हुँदा हुँदा रेडियो र टेप रेकर्डरहरु रोधीमा घन्किन थाल्यो । अहिले आएर मोबाइल फोन मार्फत इन्टरनेटबाट यु-ट्युवका गीतहरु बज्ने हुँदा विगतका सबै मौलिक गीतहरु हराउँदै जान थालेको छ ।

यही यथार्थबाट गुज्रेको हुनाले मलाई गुरुङ संस्कृतिको पर्याय बनेर रहेको रोधी संस्कृतिको अध्ययन गर्ने इच्छा जागेकोले मेरो यो शोधपत्र यहि संस्कृतिको विगतको मौलिकता र वर्तमानको आधुनिकताबाट समाजलाई पारेका प्रभावमा आधारित रहेको छ ।

## १.२. समस्याको कथन

रोधी संस्कृति गुरुङहरुको ऐतिहासिक र सांस्कृतिक पहिचान हो । गुरुङहरुमा हस्तकलाका सामग्रीहरु बुन्ने देखि लिएर एक अर्कालाई माया, भावना साटासाट गर्नु, दुःखसुख, अनुशासन, रहनसहन, जात्रा, तिर्थ, मेला, पर्व, विहेवारी आदि जस्ता सबै कुराहरु यही रोधीबाट सिकाउछन् । त्यसैले रोधीलाई गुरुङ युवा युवतीको पहिलो पाठशालाको रुपमा पनि लिन सकिन्छ ।

रोधीमा १२/१३ जना सदस्य रहेको हुन्छ । रोधीमा रहेका सदस्यहरुको आ-आफ्नो छुट्टै साइनो हुन्छ । रोधीबाट नै सबै संस्कृतिहरु सिकाइन्छन् । रोधीमा हुने सांस्कृतिक स्वरुपका

क्रियाकलाप सार्वजनिक नभई त्यस समूहका लागि हुन्, तिनका अतिरिक्त घाटुनाच, सोरठीको महत्व पनि ठुलो छ। शास्त्रीय काव्यात्मक शैलीमा गरिने यी नृत्यले गुरुङ, इतिहास र संस्कृति बोकेका छन् र यिनलाई राष्ट्रिय सांस्कृतिक विधि मानिन्छ । वर्तमान सन्दर्भमा संस्कृतिको चर्चा गर्दा अन्तर्राष्ट्रिय सम्पर्क सम्वन्ध भुमण्डलीकरण र पश्चिमी संस्कृतिको प्रभावले गर्दा गुरुङहरुको लोक संस्कृति प्रभावित हुने मात्र होइन क्रमशः लोप हुँदै जाने खतरा पनि देखिन्छ । संस्कृति कुनै पनि समाज र सभ्यताको प्राण हुने भएकाले यसलाई लोप हुनबाट बचाउन समयमै सचेत र जागरुक हुनु आवश्यक हुन्छ। यसको संरक्षण र संवर्द्धनको निम्ति अध्ययन, अनुशीलन र अन्वेषण आवश्यक हुन जान्छ। यसै सन्दर्भमा गुरुङ समाजमा विद्यमान सांस्कृतिक धरोहरको रुपमा स्थापित रोधी लोप हुँदै गएको र नयाँ पुस्ताले आफ्नै नाता कुटुम्बलाई विर्सिदै गएको देखिन्छ । जुन रोधी संस्कृतिमा देखिएको एउटा प्रमुख सांस्कृतिक समस्या हो। यही पृष्ठभूमिमा गुरुङ जातिको रोधी संस्कृतिमा आएको परिवर्तन यस शोधपत्रको विषयवस्तु बनाइएको छ ।

रोधी संस्कृतिमा भएका सांस्कृतिक कर्महरुका कारण यसलाई जोगाइ राख्न धेरै नै कठिन भइरहेको छ । प्रारम्भमा रोधीलाई दिनभरीको थकान मेट्न र दुःख सुखका कुराहरुसाटासाट गर्नका लागि हस्तकलाका सामानहरु बुनेर मनोरञ्जन गर्नका लागि जम्मा हुन्थ्यो भने अहिले रोधी संस्कृतिमा पश्चिमी समाजको प्रभावले गर्दा परिवर्तनहरु पाइन्छन् । प्रारम्भमा रोधीमा संगीत भन्नु नै मादल हो । (मोइजाला, २०७४) यस वाक्यांशलाई आधार मान्ने हो भने प्रारम्भमा मादल संगीतको रुपमा लिइएको रोधी घरमा आधुनिक संगीतका गीतहरु घन्किन थालेका छन्। रोधीमा मादलको सट्टा मोबाइल र क्यासेट बज्न थालेको छ। प्रारम्भमा दुःख सुख, ख्याल ठट्टा, साटासाट गर्ने रोधी घरमा अहिले आएर रमाइलो गर्न थालेको छ। हस्तकलाका सामग्रीहरु बुन्ने ठाउँमा नाचगान धेरै हुन थाल्यो। प्रारम्भमा हुरी, पर्म, ठेटेर नाच, भ्याउरे, ठाडो भाका, घाटु, कृष्ण चरित्र, लामो भाका, जात्रा, तिर्थ, मेला, परै मैमै, परे रिमै, पिङ काट्ने, सेका पुऱ्याउने, खाजा पुऱ्याउने आदि कार्यहरु गर्ने रोधीमा त्यो संस्कृतिहरु विस्तारै हराइरहेका छ। पहिलाको स्योकै खाने, ल्होछार मनाउने ठाउँमा पिकनिक खाने प्रचलन बढी देखिन्छ।

रोधीलाई सकारात्मक र नकारात्मक दुवै पक्षबाट विश्लेषण गरेको पाउँछौं । विभिन्न व्यक्तिहरुद्वारा लिखित पुस्तक तथा लेखहरुमा पनि रोधी संस्कृतिको बारेमा लेखेको भए पनि संस्कृति के कारणले गर्दा लोप हुँदै छ ? भन्ने बारेमा कसैले पनि लेखेको नपाइएकोले यस

अध्ययनबाट वास्तविक रोधी के थियो र अहिले आधुनिकताले कसरी परिवर्तन गरायो भन्ने विषयमा प्रकाश पार्न कोसिस गरिएको छ । मौलिक रोधीको वास्तविक विशेषता कसरी अन्य सामाजिक कारणहरुबाट प्रभावित हुँदै गएर अहिलेको अवस्थामा पुग्यो ? किन रोधी विकृतिको कारण बन्यो ? किन रोधीलाई अहिले आएर पश्चिमी संस्कृतिले धेरै प्रभावित पारेको छ ? पश्चिमी संस्कृतिको प्रभावले गर्दा गुरुङको सांस्कृतिक रोधीलाई आधुनिक सभ्यताको क्लब, डिस्को, पर्वको मौलिक रुप हुन भन्दै छ भन्ने प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिने छ ।

## १.३ अध्ययनका उद्देश्यहरु

गुरुङ समुदाय आफ्नै मौलिक भाषा र संस्कृति भएको एउटा समुदाय हो । परापूर्व काल देखि नै गुरुङ समुदायले आफ्नो संस्कृति परम्परालाई निरन्तरता दिँदै आएका छन् । ती मध्ये रोधी संस्कृति गुरुङको एक प्रमुख र महत्वपूर्ण संस्कृतिको रुपमा मानिन्छ । रोधी संस्कृतिलाई यस शोधपत्रमा अध्ययनको विषयवस्तु बनाइएको छ । यस अध्ययनको सामान्य उद्देश्यहरुलाई निम्नअनुसार रहेका छन् ।

क) रोधीको उत्पत्ति र विकास कसरी भएको थियो ?

ख) रोधी संस्कृति भन्नाले के बुझिन्छ ?

ग) रोधी संस्कृतिमा विगत देखी हालसम्म के कस्ता परिवर्तनहरु भएका छन् ?

यस अध्ययनको विशिष्ट उद्देश्यहरु निम्नअनुसार रहेका छन् ।

क) रोधीको उत्पत्ति र यसको विकासक्रमबारे अध्ययन गर्ने ।

ख) रोधी संस्कृतिमा विगत देखि हालसम्म देखिएका परिवर्तनको लेखाजोखा गर्ने ।

## १.४ अध्ययनको औचित्य र महत्व

“प्ले म्हस्या छ्या म्हमु, छ्या महस्या, ल्हु म्हमु, ल्हु म्हस्या, म्ही म्हमु” अर्थात “शास्त्र हराए इतिहास हराउँछ, इतिहास हराए संस्कृति हराउँछ, संस्कृति हराए मानिस नै हराउँछ” भन्ने गुरुङ उक्तिलाई सार्थकता दिन यो अध्ययन आवश्यक रहेको छ । इतिहास र संस्कृति बिनाको मानिस, मानिस रहँदैन । गुरुङ जातिमा रोधी एकदमै महत्वपूर्ण संस्कृति हो । यस विषयमा गहन अध्ययन गरेको नपाइएकोले र अध्ययन नभएको खण्डमा यसको महत्व हराएर

जान सक्ने भएको हुँदा यस अध्ययन पश्चात रोधी परम्पराको बारेमा परिचित भई यसको महत्वको बारेमा जानकार हुनेछन् जसले गर्दा संस्कृतिको संरक्षणको निम्ती थप योगदान हुन सक्छ ।

## १.५ अध्ययनको सीमा

यस शोधपत्र लेखनको क्रममा क्षेत्रगत र विषयगत दुई सीमाहरु निर्धारण गरिएको छ । क्षेत्रगत रुपमा गण्डकी प्रदेश, लमजुङ जिल्ला, क्व्होला सोथार गाउँपालिका वडा नं. ४, भुजुङ गाउँमा बसोबास गर्ने गुरुङ समुदायमा केन्द्रित रहेकोले भुजुङ गाउँलाई नै यसको अध्ययन क्षेत्र बनाइएको छ ।

विषयगत रुपमा रोधी संस्कृति अन्तर्गतका रोस्यो बा, रोस्यो आमा, रोधी घर, रोस्यो मै, रोधीरबा, परे मैमै, परै रिमै, रोधी बस्नु, ठेटेर नाच, घाटु, कृष्ण चरित्र, हस्तकलाको सामग्री, हुरी, पर्म, जात्रा, मेला सांस्कृतिक तत्वहरुको बारेमा विस्तृत अध्ययन गर्ने हो भने एउटा लघुपुस्तक नै तयार हुने हुँदा ती सबैको परिचयात्मक प्रस्तुति मात्रै भरिएको छ । भुजुङ गाउँ गुरुङ समुदायको ठुलो बस्ती भएकोले भुजुङ गाउँमा ४० ओटा रोधी घर रहेका छन् । ती मध्ये सबै रोधीको नभई उमेर अनुसार १६ वर्षदेखि ९५ उमेर समूहका ४५ जना मानिसहरुसँगै अन्तर्वार्ता र फरक फरक रोधीमा गएर अवलोकन गरी उनीहरुसँगै भेटेर सोधपुछ गरी जानकारीहरु संकलन गरिएको छ ।

## १.६ संरचनात्मक रुपरेखा

गण्डकी प्रदेश, लमजुङ जिल्ला, क्व्होला सोथार गाउँपालिका वडा नं. ४ मा बसोबास गर्ने गुरुङ समदायको रोधी संस्कृतिमा आएको परिवर्तनको बारेमा अध्ययन गरिएको यस अनुसन्धानात्मक अध्ययनलाई निम्न अध्यायहरुमा अध्ययन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य तथा महत्व, अध्ययनको सीमा र संरचनात्मक रुपरेखा जस्ता बुँदामा व्यक्त गरिएको छ । दोस्रो अध्यायमा सैद्धान्तिक समिक्षा तथा पूर्व साहित्य समिक्षा, आधुनिकीकरणको सिद्धान्त, पूर्व साहित्य समिक्षा, रोधी संस्कृतिको उत्पत्ति एवं परिचय जस्ता कुराहरुलाई विभिन्न सन्दर्भ पुस्तक एवं उमेरले परिपक्व भएका व्यक्तिको अवधारणाबाट तयार पारिएको छ । तेस्रो छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कका स्रोतहरु, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको प्रकृति र

तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ। चौथो अध्यायमा रोधीको उत्पत्ति र विकासक्रम, रोधी संस्कृतिको जानकारी, रोधी घरको निर्धारण, रोस्यो वा रोस्यो आमा, रोधीरबा, परै मैमै, परै रिमै, रोधी बस्नु, सिउँलु, हुरी, पर्म, तिर्थ/जात्राको बारेमा उल्लेख गरिएको छ। पाँचौ अध्यायमा रोधीमा आएका परिवर्तनका कारणहरु शिक्षाको प्रभाव, पश्चिमी संस्कृतिको प्रभाव, यातायात, सञ्चारको प्रभाव, रोधी संस्कृतिको विवाहमा आएका प्रभावहरुको बारेमा उल्लेख गरिएको छ। छैटौं अध्यायमा सारांश र निष्कर्ष पेश गरिएको छ।

# अध्याय - दुई

# सैद्धान्तिक समिक्षा तथा पूर्व साहित्य समिक्षा

## २.१ आधुनिकीकरणको सिद्धान्त

कुनै पनि समाजको सांस्कृतिक, सामाजिक, आर्थिक र राजनीतिक परिर्वतन हुनाका लागि मानिसमा आउने सोचको परिर्वतन मुख्य तत्व हो ।

विभिन्न कालखण्डमा मानिसको रहर र चाहनाहरु परिर्वतन हुँदै जान्छन । सोच परिर्वतन हुनुमा प्रविधि र विज्ञानको आविष्कारहरु प्रमुख कारक हुन । समयको गति सँगै वैज्ञानिक आविष्कारहरु हुँदै गए र परम्परागत मनोरन्जनका साधनहरु विस्थापित हुँदै गयो । सदियौं देखि चलि आएको संस्कृतिहरु विस्थापित भए । धर्ममा संशोधनहरु भए व्यवहारिक रुपमा जे जसरी परिर्वतन भएपनि सैद्धान्तिक रुपमा परिर्वतन हुनुको मुख्य कारण भनेको मानिसलाइ समाज र नयाँ चिजहरुमा चाहना हुनु हो । यही नयाँ  चाहना अवलम्बन हुनु र गर्ने भनेकौ नै आधुनिकीकरणको सिद्धान्त हो ।

Modernism refers to a global movement in society and culture that from the early decades of the $20^{th}$ century sought a new alignment with the experience and values of modern industrial life tateorg.uk/art/modernism.

आधुनिक औद्योगिकरणबाट प्राप्त अनुभवको आधारमा २० औं शताब्दीको शुरुवातमा सामाजिक साँस्कृतिक क्षेत्रमा नयाँ आयाम खोज्न विश्वव्यापी रुपमा शुरु भएको क्रान्ति नै आधुनिकीकरण हो । आधुनिकीकरणबाट प्रत्युतपादिन नविनताहरुमा Abstract art, The stream of consciousness, montage cinema, atonal, twelve tone music र divisionist painting मुख्य हुन् । आधुनिकीकरणले तत्कालिन यथार्थवादलाई उग्र रुपमा अस्वीकार गरेको छ । *Graff, Gerald (spring 1975)* "Babitt at the abyss: The social context of postmodernism American Fiction".

आधुनिकीकरणले प्रबोधन (Englightenment) र धार्मिक विश्वासलाई पनि अस्वीकृत गर्रा नविन सिर्जना खोज्दछ । *Pericles, lewis, modernism, nationalism, and the novel (Cambridge university press, 2000).* आधुनिकीकरणको मुख्य विशेषता 'Self consciousness" अर्थात "स्वचेतना" हो । स्वचेतनाबाट कला, साहित्य तथा अन्य सामाजिक

परिवर्तनका लागि आधुनिक ज्ञञान र प्रविधिको प्रयोग गर्दै लानु नै आधुनिकीकरण हो । *Gardener, Helen, Richard G., Kirk Patrick, Dianne (1999). Gardeners' Art through the ages. San Diego, CA: Harcourt Brace Jovanovich.*

दार्शनिक एडोर्नोले "आधुनिकता एक कलानुक्रमिक नभई गुणात्मक गर्ा हो, आनुनिकतामा कला, संगीत र संस्कृतिको परम्परावादी बुझाईलाई ल्यागेर ज्ञानोदयको सोच ल्याउनुह ो" भनेका छन् । *Adorno, Theodre, Minima Moraliya, Warshaw 2005.*

रोधी संस्कृति परापूर्व कालकै जस्तै मौलिक नरहनु भनेको पनि आधुनिकीकरणको असर हो । मानिसहरु गाउँ छोडेर यत्रतत्र छरिए । जीविकोपार्जनका लागि विदेशिए, कोहि भर्ती भए, कोहि शिक्षा आर्जनका लागि बहिर गए । यसरी गाउँ छाडेर जाने क्रममा मानिसले नयाँ कुराहरु देख्न, सुन्न र भोग्ने अवसर पाए । आफूले देखेको भोगेको नयाँ अनुभवहरुलाइ गाउँमा अवलम्बन गर्न खोज्दा नयाँ कुराहरु रोधीमा समेटिने भए र फलस्वरुप रोधीको मौलिकता हराउदै गएको पाइन्छ ।

रेडियो, टेलिभिजन, इन्टरनेट जस्ता सञ्चारका साधनहरु पनि आधुनिकताका उपज हुन् । यिनै वैज्ञानिक उपजहरुका कारण मानिसमा मानसिक परिर्वतनहरु भए । सञ्चारका साधनहरुबाट केहि नयाँ सिकेकै कारण समाजमा लागु गर्न चाहे । पत्रपत्रिका मार्फत मानिसहरु शैक्षिक रुपमा सुसज्जित भए, रेडियो, टेलिभिजन बाट यान्त्रिक विकास गरे । परिणाम स्वरुप रुढ़ीबाद र परम्पराबादले सोच परिर्वतन हुनुपर्छ भन्ने मान्यताले स्थान पायो ।

आधुनिकीकरण १९ शताब्दीको अन्त्य र २० शताब्दीको उत्तरार्ध तिर पश्चिमी समाजबाट तार्किक र कला क्रान्तिको रुपमा शुरु भयो । यस क्रान्तिबाट कलाको नयाँ स्वरुपको चाहना, सामाजिक संगठन, औद्यौगिकरण, शहरीकरण, नयाँ प्रविधि आदिलाई प्राथमिकताको रुपमा हेरियो । कलाकारहरुले परम्परागत कला, कविता आदिलाइ पुराना तर्कहिन र अप्रचलित स्वरुपको रुपमा लिन थाले । पुराना ढाँचा तथा लयका कला संस्कृतिबाट वाक्क भएका त्यस्ता पाका विज्ञहरुले केही नयाँ आविष्कारका लागि क्रान्तिको बिगुल फुके कवि एजरा पाउकले सर्वप्रथम ई.स. १९३४ मा निषेधाज्ञा जारी गर्दै *'Make it New'* (केही नयाँ गरौ) भन्ने नाराका साथ आधुनिकीकरणको सिद्धान्त प्रत्युपादन गरेका थिए ।

आधुनिकीकरणको सुरुवातसँगै साहित्यीक र कलाका स्वरुपहरु पनि शुरु भए । आधुनिकीकरणको मुख्य चरित्र भनेको स्वचेतना हो । जस जसलाइ जे मन लाग्छ या मन पर्छ

या जसरी मन पर्छ उक्त कला साहित्यलाइ त्यसतै रुपमा प्रस्तुत गर्न पाउनु नै आधुनिकीकरणमा छुट थियो । कला, साहित्य वा संस्कृतिलाइ परम्परागत ढंगकै मुल्य मान्यता वा विचारका साथ स्वीकार गर्नु पर्छ भन्ने मान्यता थिएन ।

*Roger Griffin* का अनुसार आधुनिकीकरण समग्र सांस्कृतिक, सामाजिक र राजनैतिक परिस्थिती हो । जसलाइ नविनताको सामाजिक प्रकृति *(temporality of the New)* ले दिगो बनाएको हुन्छ । यो स्वछन्दवादबाट निकासित भएको सिद्धान्त हो । यो उग्र औधोगिक क्रान्ति र बुजुर्वा मान्यता बाट उन्नाइसौ शताब्दीमा ग्रस्त समाजको विकराल परिणाम हो । चाहे त्यो औधोगिक क्रान्ति भिक्टोरिया इङ्ल्याण्डको विरोधमा होस या १८५० मा अंग्रेजी साहित्यकारहरुबाट गठित *Pre–Raphaelite Brotherhood* होस उनीहरु *opposition to technical skill without inspiration* को नारा सहित *John Ruskin (1819–1980)* को लेखाइबाट प्रभावित थिए, Ruskin जहिले पनि लेखन तथा कलाले कामदारहरुको जीवन मापन सहज बनाउन सहयोग गर्नु पर्ने कुरामा जोड दिन्थे । *Pre–Raphalite Brotherhood* ले *Manet (1832–1883)* को पेन्टीङहरु लाइ छायामा पार्दै आधुनिक पेन्टीङ बनाउन शुरु गरेको थिए । उनीहरुका अनुसार पेन्टीङमा यथार्थबादको झल्को प्रशस्त मात्रामा आएको थिए ।

कला र साहित्यमा भए क्रान्ति सीमित नरही पुर्वाधारको विकासमा पनि क्रान्ति भयो । १९औ शताब्दीमा क्रिष्टल व्यलेस (१८५१) लण्डनको रेल्वे टर्मिनल (१८५४) किङसकस स्टेशन (१८५२) बृकलि ब्रिज (१८८३) आइफल टावर (१८८९) यसै बखत बनेको थिए । त्यसै गरि १८३७ मा विद्युतिय टेलिग्राफको परिर्वतन सहित इतिहास र सभ्यता द्रुतगतिमा प्रगति पथमा लमकिएको थियो । त्यस बखतको महान चिन्तक *Charles Darwin* (१८०९ -१८८२) ले *'on the origin of species by means of natural selection'* सन १८५९ मा किताब प्रकाशन गरी Karl Marx ले हाल सम्मकै राजनैतिक Das Kapital १८६७ मा लेखेका थिए । त्यस्तै *Sigmund Freud* (१८५६-१९३९) ले *'studies of hystria'* लेखी मानव मष्तिष्कलाई अवचेतनाले गहिरो रुपमा निर्देश गरेको हुन्छ भन्ने विचार प्रस्तुत गरेको थिए ।

यसरी विभिन्न कालखण्डमा विभिन्न विचारक, लेखक, कवि साहित्यकारबाट शुरु भएको आधुनिकीकरणले बिसौ शताब्दीमा आएर झनै मौलाउने मौका पायो । आधुनिकीकरणबाट समाज परिर्वतन गर्न *Ezra Pound, E E Cummings, T S Elliot* आदि कविहरुले कविताको प्रयोग गरे भने दिमित्री सोस्ताकोमिच, अल्वान वर्ग आदि स्रष्टहरुले

ओपेराको प्रयोग गरेका थिए । *Sigmund Freud, Karl Marx* र *Charles Darwin* हरुले विचार प्रस्तुत गरि पुरातनवादी समाजलाइ आधुनिक समाजमा परिर्वतन तर्फ उन्मुख गराएका थिए भने *Arnold Schoenberg* र *Bela Bartok* हरुले सङ्गीत मार्फत उत्प्रेरित गरेका थिए । त्यस्तै *Henri Mettise, Pierre Bonnard, Piet Mondrian, Wassily Kandinsky, Max Beckmann* आदिले चित्रकला मार्फत क्रान्ति गरेको थिए ।

नेपालको हकमा नेपाली कलाकारहरुलाई आधुनिक चित्रकलाको प्रविधिमा सन १९२० मा मात्रै उजागर गरिएको थियो । चन्द्रमान सिंह मास्के (१९००-८४) र तेज बहादुर चित्रकार (१८९८ -१९७१) तत्कालीन प्रधानमंत्री चन्द्र शमसेर राणाले (१८६३ - १९२९) मा निजहरुलाई भारतको कलकत्तामा आधुनिक चित्रकला तालिमको लागि पठाएका थिए । तर लेनसिंह वाङदेल जो पछिल्लो समय आधुनिक चित्रकलाका हस्तिका रुपमा चिनिए पनि उत्तम नेपालीले प्रविधिको हकमा पछयाएको थिए । त्यस समयमा उत्तम नेपालीले लखनऊ बाट अध्ययन सकेर नेपालमा अमुर्त चित्रकला प्रदर्शनी गरेका थिए ।

नेपालमा आधुनिक कलाको विकास गर्नुमा राजा महेन्द्रको पनि ठुलो देन रहेको छ । साहित्य, संगीत र कलामा वहाँको सहभागिता यसको उदाहरण हो । त्यस्तै उत्तम नेपाली संगै ईश्वर वल्लभ (१९३७-२००४), तुलसी दिवस, वैरागी काइला, मदन रेग्मी, वानिरा गिरी (१९२६-२००६), काली प्रसाद रिजाल, भुमि शेरचन (१९३७-९०) आदि आधुनिक कविहरुले पनि कविताको मार्फत नेपाली समाजलाइ परिर्वतन गर्न विशेष भुमिका खेलेका छ्न ।

यसरी कला, साहित्य, संगीत, चित्रकला र विचार मार्फत पशि्चम समाज र एशिया प्रशान्त क्षेत्र प्रभावित भईरहँदा भुजुङको रोधी संस्कृति परिर्वतन नहुने त कुरै रहेन । मौलिकता समयसँगै या त पुर्व रुपमा परिर्वतन हुँदै जान्छ या त संशोधन हुँदै जान्छ ।

यो शोधपत्र भुजुङको रोधी परिर्वतन हुनुमा आधुनिकता सिद्धान्त उपयुक्त सिद्धान्त भएकोले आधुनिक सिद्धान्तको प्रयोग गरेको छ ।

## २.१.१ सामाजिक संस्कृतिक परिर्वतन सम्बन्धी धारणाहरु

परिर्वतन एक प्राकृतिक नियम हो । आज भएको कुरा भोली फरक हुन्छ । सामाजिक संरचनामा निरन्तर परिवर्तन भइरहेको हुन्छ । यो कहिले रोकिदैन । परिवार धर्म जस्ता सामाजिक संस्थाहरुमा पनि परिर्वतन आइरहेको छ । परिर्वतनशिलता समाजमा जहाँ पनि

हुन्छ । परिर्वतन भनेकै पुरानो समाज र सामाजिक सम्बन्धको अबासन र नयाँको जन्म वा निर्माण हो । समाज र सामाजिक सम्बन्ध बारे सबै भन्दा आम सत्य यिनको परिर्वतनशिलता नै हो (मिश्र, २०६५) ।

यहाँ परिर्वतन शब्दले कुनै पनि चिज या वस्तुमा समय अन्तरालमा आउने फरकपन भन्ने बुझिन्छ । त्यसैले सामाजिक परिर्वतन भन्नाले समय अन्तरालमा सामाजिक प्रक्रिया वा सम्बन्धमा आउने परिर्वतन भन्ने बुझिन्छ । *(Bhushan and Sachdeva, 2008)* सामाजिक परिर्वतन भन्नाले मानिसको व्यवहार, सामाजिक सम्बन्ध वा सामाजिक बनावटमा समयमा आउने परिर्वतन हो । "संस्कृति त्यो सम्पूर्ण जटिलता हो जसमा मानिसले सामाजिक प्राणीका हैसियतले आर्जन गरेको ज्ञान, सीप, विश्वास, नैतिकता, कानुन, रीतिरिवाज र अन्य क्षमता र व्यवहार समावेश हुन्छन्" *(Jha,1994)*। यस परिभाषाले संस्कृतिको सैद्धान्तिक व्याख्यालाई फड्को मार्न महत्वपूर्ण सहयोग पुऱ्यायो जसले संसारका सबै संस्कृतिकर्मीलाइ आकर्षित गर्यो (झा, २००५) । यि माथिका परिभाषाहरुबाट प्रष्ट हुन्छ कि मानवशास्त्रमा संस्कृति एउटा ज्ञानको रुपमा प्रयोग हुन्छ, मानिसहरुको सोचाइ हुन्छ । वास्तवमा संस्कृति सिकिने व्यवहार हो । यो समाजको एउटा व्यक्तिबाट अर्को व्यक्तिमा रुपान्तरण हुँदै जान्छ त्यसकारण कुनै पनि व्यक्ति संस्कृतिको अभावमा बाँच्न सक्दैन । कुनै पनि व्यक्तिलाइ उसको संस्कृति सिक्नु जरुरी हुन्छ । संस्कृतिले गर्दा नै मानिस मानिसको रुपमा रहेको हो । त्यसैले मानिसलाइ संस्कृति धारण गर्ने प्राणीको रुपमा लिइन्छ *(Bhushan and Sachdeva, 2008)*।

## २.२ पूर्व साहित्य समिक्षा

रोधी संस्कृति सम्बन्धी पूर्व साहित्यको अध्ययन गर्ने सन्दर्भमा *जगमान गुरुङ द्वारा* लिखित *"गुरुङ जाति र संस्कृति"* तथा *प्रेम कुमार खत्री द्वारा लिखित "नेपालका धार्मिक मत सामाजिक संरचना" पिर्को मोइजला द्वारा लिखित "ग्रामीण गुरुङ सङ्गीतको इथ्नोग्राफीक अध्ययन, निरन्तरता र परिर्वतन"* मा गुरुङ जातिको मौलिक संस्कृति रोधीको बारेमा संक्षिप्त विवरण दिइएको छ ।

'गुरुङ जाति तथा संस्कृति' मा जगमान गुरुङले रोधी संस्कृतिलाइ गुरुङहरुको मौलिक संस्कृति मानेका छ्न । रोधीको उत्पत्ति प्राचीनकालबाट नै भएको मनिन्छ । रोधी शब्दलाई 'रो' भनेको बुन्नु र 'धी' भनेको घर हो भनिएको छ । यसको अर्थ बुन्ने घर भनिन्छ । प्रारम्भमा मनोरन्जनका साधनहरु केहि नभएको गाउँले समाजमा रोधी घरमा जम्मा भएर हस्तकलाका

सामग्रीहरु बुन्ने घर भएकोले बुन्ने घरलाइ रोधी भनिएको हो । मनोरञ्जनका साधनहरु केही नभएको गाउँले समाजमा दिनभरी खेतमा हुरी, पर्म लगाएरकाम गर्ने गर्थ्यो भने बेलुका खाना खाएपछि सबै जना रोधीमा जम्मा भएर हुरी, पर्मको व्यवस्था गर्ने, भलाकुसारी गर्ने, सभा कचरी गर्ने, सांस्कृतिक कार्यक्रम, नृत्य, कृष्ण चरित्र, ठेटेर नाच सञ्चालन गरी रोधी घरमा रमाइलो गरी बस्ने गर्दछन् । रोधी घरमा सबै जना जम्मा हुने ठाउँ भएकोले गर्दा एक अर्काले जानेका तथा नजानेका कामहरु साटासाट गर्ने मौका पनि पाउँछन् । रोधी घरबाट साँस्कृतिक कार्यक्रमहरुका साथै जात्रा, मेला, सिउँलु, रोधी बस्ने संस्कृतिहरुको बारेमा जान्ने मौका पाउने भएकोले नै रोधी घरलाई पवित्र स्थानको रुपमा मानिन्छ । आधुनिक युगसँगै विभिन्न प्रविधिहरुको निमित्त विभिन्न पक्षमा विकास भएको कारणले गर्दा आधुनिक दृष्टिकोणले रोधीको परिभाषा गर्ने हो भने पाश्चात्य समाजमा पाइने नाइट क्लब जस्तै रोधी पनि एउटा क्लब हो (गुरुङ, २०३४) ।

रोधी घरमा दिन भरि गरेको कामको थकाई मेट्न जम्मा हुने गर्छन् । रोधी घरमा जम्मा हुँदा प्रायजसो लोक संगीत र नृत्यले नै मनोरञ्जन दिने गर्दछन् । रोधी घरमा हरेक दिन छुट्टै लोक नृत्यहरु सृजना हुन्छ । सबै रोधीहरुले युवायुवतीहरुको लागि संगीत सृजनाको व्यवस्था प्रदान गर्दछन् । संगीतको पालनपोषणको रुपमा रोधीको भूमिका अपरिहार्य छ । रोधीमा गाउन र बजाउन सँगसँगै सिक्दछन् । रोधीमा गाउने गीतहरु लामो भाका, ठाडो भाका, दोहोरी हा-हा भाका, नृत्यका गीतहरु, गुरुङ गीतहरु हुन्छन् । गुरुङ गाउँको सांगीतिक क्षेत्र र गुरुङ बालबच्चाको सांगीतिक स्व-संस्कृतिकरणका लागि रोधी एक आवश्यकीय संस्था हो । सामाजिकीकरणको आधारभूत एकाईको रुपमा रोधीले गुरुङ समाजको आधारभूत मुल्य मान्यता सञ्चारित गर्दछ । रोधी संस्थाले संगीत निर्माणमा युवालाई मौका प्रदान गर्दै गुरुङ गाउँको संगीत मात्र बनाउँदैन बरु परम्परागत गुरुङ संगीत प्रस्तुतिको रक्षकको रुपमा सेवा पनि गर्दछन् । यसरी रोधी साँझहरुले सङ्गीत सृजना बजाउने र गाउने क्रियाकलापहरु समेट्दछन् । खासमा कोहि गीत गाउनेकै लागि रोधी आउँछन (मोइजाला, २०७४) ।


रोधी संस्थाको उत्पत्ति सामुदायिक काम गर्ने, अशक्त तथा असहायलाई सहयोग गर्ने जिम्मेवारी शारीरिक रुपले सशक्त युवापिँढीको हो भन्ने भावनाले भएको मानिन्छ । वर्षायाममा बाली लगाउदा युवायुवतीहरु हुरी पर्मका अतिरिक्त अरुलाई श्रमको सेवा पनि प्रदान गर्छन् । बाली उठाउँदा पनि यही धारणा अनुसार काम गरिन्छ । दिनभरि काम गरेपछि साँझको

थकाईको पर्वाह नगरी युवायुवती उनीहरुको रोधी घरमा जम्मा हुन्छन् र खुल्ला वातावरणमा नाचगान प्रस्तुत गर्दछन् । रोधीमा गरिने सांस्कृतिक क्रियाकलापको रेखदेख सञ्चालनमा रोधी बा रोधी आमा पनि हुन्छन् । उनीहरुको संरक्षणले गर्दा रोधीका क्रियाकलाप संयमित हुन्छन् । रोधी मित्रहरु पारस्परिक आकर्षणबाट विकसित हुने प्रेमको फलस्वरुप वैवाहिक जीवनमा आवद्ध हुने पनि सम्भावना हुन्छ र यसलाई सहज एवम् स्वीकार्य मानिन्छ । त्यसैले रोधी गुरुङ युवा युवतीको एक साझा सामुहिक संस्था हो र यसले गुरुङ समाजको संस्कृतिको विशिष्टता झल्काउँछ (खत्री, २०५८) ।

गण्डकी प्रदेशको विभिन्न गुरुङ गाउँहरुमा रोधी संस्कृति थियो तर अहिले गुरुङहरुको रोधी संस्कृतिहरु हराउदै विस्थापित भएको अवस्थामा रहेको छ । गुरुङहरुको मौलिक संस्कृतिको धरोहरको रुपमा प्रचलित रोधी सम्बन्धी लेखन कृतिमा पनि रोधी संक्षिप्त विवरण नभेटिएको अवस्थामा छ । रोधी संस्कृति गुरुङहरुको एक पवित्र संस्कृति हो । प्रारम्भमा रोधी संस्कृतिलाई गुरुङहरु आफ्नो मुख्य संस्कृतिको रुपमा लिन्थे । गुरुङ जाति र संस्कृतिको बारेमा जगमान गुरुङ द्वारा लिखित रोधी संस्कृतिको बारेमा हस्तकलाका सामग्रीहरु बुन्ने, हुरी, पर्म, तिर्थ जात्रा, मेला, स्योकै, सिउँलु, विवाह आदिको बारेमा व्याख्या गरिएको छ भने रोधी घरको आमा ( रोस्यो आमा र रोस्यो बाबा) बाबाको बारेमा पनि व्याख्या गरिएको छ । रोधी संस्कृति प्रारम्भमा आफ्नो दौतरीका उमेर समुहका रिमै मैमै हरु सँगै बसेर दिनभरिको थकाइ मेट्नका लागि हस्तकलाका सामानहरु बुन्ने देखि लिएर मनका सुखदुखहरु साटासाट गर्न थलोकोरुपमा परिचित थियो । रोधी एक मौलिक संस्कृति भएको कारणले गर्दा रोधीमा अनुशासनको मर्यादा एकदमै धेरै मात्रामा थियो । रोधीघरमा गाइने गीत तथा बजाउने बाजाहरु मौलिक बाजाहरु नै प्रयोग गरिन्थ्यो ।

रोधी घरमा 'परै रिमै' र 'परै मैमै' बिचको सम्बन्ध एकदम मायालु सम्बन्ध हुन्छ । रोधी घरमा गरिने स्योकैहरु सिउँलु, सेका नोकोर, पर्म आदि संस्कृतिमा पनि मौलिकपन थियो । आफ्नो रोधी घरको आमा बाबा आफ्नो रोस्योहरुको भागीदारी हुन्थ्यो । जात्रातिर्थ मेला जाँदा रोधीघरमा पहिलै बाट सरसल्लाह छलफल जस्ता कार्यक्रमहरु हुने गर्थ्यो । रोधीको सदस्यहरु गाउँमा जुनसुकै समस्या परे पनि अगाडि आउनु हुन्थ्यो । यसरी रोधी संस्कृतिलाई मौलिक संस्कृतिको रुपमा स्थापित गरि गुरुङहरुको गहना नै रोधी घर बनेको अवस्था थियो ।

## २.३ अवधारणात्मक ढाँचा




| | |
|---|---|
| - रोधी संस्कृतिका मौलिकता लोप हुँदै जानु<br>- रोधीमा आधुनिक बाजाको प्रयोग गर्नु<br>- हो-हल्ला र कोलाहलले समाज शान्ति नहुनु<br>- गाउँमा विभिन्न किसिमका प्रविधिको विकासहरु हुनु<br>- रोधीमा गरिने साँस्कृतिक कार्यक्रममा फरक हुनु<br>- आवश्यकता भन्दा बढी मात्रामा खर्च गर्नु<br>- खेतीपाती भन्दा शिक्षामा जोड दिनु र हुरी, पर्म जस्ता परम्परा हराउँदै जानु<br>- मौलिक लोक संगीतको सट्टामा आधुनिक गीतहरु बजाउनु<br>- विदेशी मदिराको प्रयोग धेरै मात्रामा गर्नु<br>- रोधीमा खाने स्योकैको सट्टामा वनभोज खाने चलन बढ्नु | - रोधीमा युवायुवतीको चाहना कम हुनु<br>- रोधी संस्कृतिमा आधुनिकीकरण भित्रिनु<br>- पश्चिमी संस्कृति भित्रिनु<br>- बसाइसराइ जानु<br>- वैदेशिक रोजगारीको कारणले गर्दा<br>- गाउँमा विकासहरु बढ्दै जानु<br>- पश्चिमी रहनसहन, संस्कृति तथा परम्परालाई जोड दिनु<br>- विद्युतीय बाजाहरु जस्तै रेडियो, टेप, स्पीकर आदिको प्रयोग<br>- आर्थिक अवस्था बलियो हुनु |

यस अवधारणात्मक ढाँचा अन्तर्गत यस शोध अध्ययनमा गुरुङ जातिको रोधी संस्कृतिमा आएका परिवर्तनका पक्षहरु र कारणहरु प्रष्ट रुपमा छुट्याइएको छ । तसर्थ किन गुरुङ जातिको रोधी संस्कृतिमा परिवर्तनहरु आउन थाल्यो र के-के कुराहरुमा परिवर्तन भएका छन् त रोधीमा भन्ने पक्षहरु दर्साइएको छ । रोधी संस्कृतिमा विभिन्न पक्षहरु ले गर्दा परिवर्तन भएको पाइन्छ । जस्तै आधुनिकीकरण, शिक्षा, पश्चिमी संस्कृति, प्रविधिको विकास, बसाईसराई, वैदेशिक रोजगार, उच्च शिक्षा तथा आधुनिक शिक्षा, शहरीकरण आदि जस्ता पक्षहरुले रोधी संस्कृतिमा परिवर्तन आएका छन् भने गाउँका युवायुवतीहरु पनि विभिन्न आधुनिकीकरण र पश्चिमी संस्कृति प्रति आकर्षित भएको खण्डमा रोधी संस्कृतिमा परिवर्तन भएको पाइन्छ ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

नयाँ तथ्य पत्ता लगाउनका लागि सावधानीपूर्वक खोजी गर्नु अनुसन्धान हो । मानिसको मस्तिष्कमा रहेका जिज्ञासाको समाधान खोज्ने प्रयत्न अनुसन्धानले गर्दछ । सामाजिक अनुसन्धानले सामाजिक जीवन प्रक्रिया र नियमसँग सम्बन्धित पक्षहरुको अध्ययन गर्दछ ।

यस शोधपत्रमा गण्डकी प्रदेश लमजुङ जिल्ला क्व्होला सोथार गाउँपालिका वडा नं. ४ भुजुङ गाउँमा बस्ने १६-९५ वर्षका, ४५ जना विभिन्न रोधीका मानिसहरुलाई समेटी गुरुङ जातिको रोधी संस्कृतिमा आएको परिवर्तनको उद्देश्यमूलक नमूना छनौट विधि प्रयोग गरी अध्ययन गरिएको छ । यस अध्ययन क्षेत्रका रोधी संस्कृतिमा आएका परिवर्तनलाई हेरिएको छ । वर्णनात्मक र व्याख्यात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी भुजुङको रोधी संस्कृतिमा आएको परिवर्तनको रुपमा अध्ययन गरिने भएकोले यी पक्षमा प्रभाव पर्ने विभिन्न तत्वहरुको पहिचान गरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

नेपालको गण्डकी प्रदेश लमजुङ जिल्ला अन्तर्गत पर्ने क्व्होला सोथार गाउँपालिका वडा नं. ४ भुजुङका गुरुङहरुलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ । भुजुङ गाउँ गुरुङहरुको बाहुल्यता रहेको गाउँ हो । मुख्य गरी गुरुङ गाउँ रहेको र मौलिक संस्कृतिको रुपमा रोधी परम्परा अझैपनि प्रचलित रहेको हुँदा भुजुङलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो । रोधी संस्कृति प्रारम्भमा मौलिक रुपमा थियो भने अहिले विभिन्न किसिमका प्रविधिको विकास, पश्चिमी संस्कृति, आधुनिकीकरण, शिक्षा, यातायात, सञ्चार माध्यम आदि पक्षहरुको कारणले गर्दा रोधी संस्कृतिमा मौलिकपन लोप भएको अवस्थामा रहेको पाइन्छ । रोधी परम्परामा परिवर्तन भएर रोधीमा बजाइने मौलिक बाजा देखि लिएर रोधीमा गरिने साँस्कृतिक कार्यक्रमहरुमा समेत परिवर्तन भएको अवस्थामा पाइन्छ । त्यसकारणले रोधी संस्कृति किन परिवर्तन भयो भन्ने र रोधी किन लोप हुँदै छ भन्ने विषयमा अध्ययन गर्न भुजुङ गाउँलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यो शोधपत्र वर्णनात्मक प्रकृतिको रहेको छ । रोधी संस्कृति अन्तर्गत प्राप्त तथ्याङ्कहरु जस्तै

रोधीघर, रोस्योबा, रोस्योआमा, रोधिरबा, परै मैमै, परै रिमै, तिर्थ, मेला, जात्रा, हुरी, पर्म, स्योकै, सिउँलु, रोधीको उत्पत्ति र संस्कृति, खाजा पुराउने, पिङ्ग काट्ने आदि गुरुङ संस्कृतिहरुको बारेमा विस्तृत वर्णन गरिनेछ ।

## ३.३ समग्रता र नमुना छनौट

अध्ययनका निमित्त लमजुङ जिल्ला क्व्होला सोथार गाउँपालिका अन्तर्गत वडा नं. ४ स्थित भुजुङ गाउँ यसको समग्र अध्ययन क्षेत्र पर्दछन् । भुजुङ गाउँमा ५०० घरधुरीहरु रहेका छन् भने भुजुङ गाउँमा ४० ओटा रोधी घरहरु रहेका छन् । त्यसैगरी यसमा नाम चलेका (सबै क्रियाकलापमा उच्च) ३० ओटा रोधीहरुलाई मात्र समावेश गरिएको छ । जस मध्ये ३९० जना रोधीका सदस्यहरु रहेका छन् । यस अध्ययनका निम्ती ३९० जनाबाट छनौट गरी ४५ जना मानिसहरुलाई उत्तरदाताको रुपमा चयन गरिएको छ । जसमध्ये १६-९५ उमेर समूहका ४५ जना उत्तरदाताहरुलाई दैनिक नमुना छनौट विधिको आधारमा नुमना छनौट गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

यस अनुसन्धानको निम्ति प्राथमिक र द्वितीय खालका स्रोतहरुबाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरिनेछ । प्राथमिक स्तरका सूचनाका स्रोतहरु अन्तर्गत अन्तर्वार्ता र अवलोकन विधिको माध्यमबाट तथ्याङ्क संकलन गरिनेछ भने द्वितीय स्तरका स्रोतहरु अर्न्तगत रोधी संस्कृतिसँग सम्बन्धित लेख, पुस्तकहरु तथा पत्रपत्रिकाहरुमा सम्पादित लेखहरु तथा इन्टरनेटमा आधारित विविध विषयवस्तुलाई समेटेर तथ्याङ्क संकलन गरिनेछ ।

## ३.५ तथ्याङ्क संकलन विधि

कुनैपनि अध्ययनलाई त्यसको उद्देश्य अनुरुप आवश्यक तथ्याङ्क संकलन गर्नका निम्ति सहि अनुसन्धान विधिहरुको आवश्यकता पर्दछ । अतः यस अध्ययनका निम्ति मुख्यगरी दुईवटा अनुसन्धान विधिहरु प्रयोग गरिनेछ ।

१) अन्तर्वार्ता

२) अवलोकन

### १) अन्तर्वार्ता

अध्ययन क्षेत्रमा रहेका ३० रोधी घर मध्ये नमुनाका रुपमा विभिन्न उमेर समूहका ४५

जना मानिसहरुको सर्वेक्षण गरिएको छ । अध्ययनसँग अर्थ राख्ने प्रश्नावली तयार पारी विभिन्न रोधीका सदस्यहरुलाई उत्तरदाता मानी प्रश्नहरु सोधिएको छ ।

### २) अवलोकन

यो विधि तथ्याङ्क संकलनको महत्वपूर्ण विधि हो । यो विधिद्वारा अध्ययन क्षेत्रका समुदायको सामाजिक, आर्थिक, साँस्कृतिक लगायतका विविध पक्ष र क्रियाकलाप अध्ययन गर्ने र सूचना संकलन गर्न सकिने भएकाले र उनीहरुको जनजीवनमा आएको परिवर्तनबारे पत्ता लगाई जानकारी पाउन सजिलो भएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

कुनैपनि अध्ययन तथा अनुसन्धानको सफलताको पछाडि उक्त अध्ययनका निम्ति प्राप्त तथ्याङ्कको वैज्ञानिक विश्लेषण एवम् प्रस्तुतीकरणमा भर पर्दछ । तसर्थ यस अध्ययनको निम्ति पनि प्राप्त तथ्याङ्कहरुलाई व्यवस्थित तवरले विभिन्न एकाईहरुमा विभाजन गरी विभिन्न शीर्षकहरुमा विभाजन गरी व्याख्या एवम् विश्लेषण गरिएको छ । यस अध्ययनसँग सरोकार राख्ने तथ्याङ्कहरुलाई आवश्यकता अनुसार गुणात्मक र मात्रात्मक रुपमा प्रस्तुत गरिएको छ । गुरुङ जातिको रोधी संस्कृतिमा आएको परिवर्तनको बारेमा बुझ्नको लागि लमजुङ जिल्ला, क्व्होला सोथार गाउँपालिका वडा नं. ४ का गुरुङहरुको रोधीको तथ्याङ्कलाई मुल रुपमा प्रयोग गरिएको छ । ३० रोधी घरका सदस्यहरुसँगको अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्क र सूचनालाई साधारण रुपमा प्रस्तुत गरिएको छ । तथ्यहरुको प्रकृति हेरेर मात्रात्मक एवम् गुणात्मक तथ्याङ्कहरुलाई आवश्यकता अनुरुप तालिकाद्वारा वा व्याख्या विश्लेषणद्वारा प्रस्तुत गरिएको छ । यस अध्ययनमा उत्तरदाताहरुबाट प्राप्त सूचना तथा जानकारीहरु गुणात्मक किसिमको भएको हुँदा उनीहरुको विचारहरुलाई व्याख्यात्मक रुपले विभिन्न अनुच्छेदहरुमा प्रस्तुत गरिएको छ ।

# अध्याय - चार

# रोधीको उत्पत्ति र विकासक्रम

## रोधी संस्कृतिको जानकारी

गुरुङ जातिको बसोबास गर्ने मुल थलो गण्डकी प्रदेश हो । यस प्रदेश गुरुङहरुको भाषा, धर्म, संस्कृति, रीतिरिवाजको उधगम् स्थल् हो । अरु जातिको तुलनामा गुरुङ जातिको पहिचान् भिन्न र गुरुङहरु परापूर्व कालदेखि नै पशुपालन् व्यवसायतिर उन्मुख भएको जाति हो । गुरुङहरुको मौलिक संस्कृतिको रुपमा रोधी परम्परालाई मानिन्छ । रोधीमा विभिन्न प्रकारका सांस्कृतिक कार्यक्रमहरु गर्नुका साथै रोधीबाट समाजमा बस्ने चलनको सुरुवात भएको मानिन्छ । रोधीमा विभिन्न खालको संस्कृतिहरु गर्ने चलन हुन्छ । रोधी आफैमा एक मौलिक संस्कृति भएको कारणले पनि रोधीभित्र गुरुङहरुको मौलिक परम्पराहरु समेटिएको हुन्छ (गुरुङ, २०६७) ।

गुरुङ समुदायमा केटीहरुको रोधी घर छुटै र केटाहरुको रोधी घर पनि छुट्टै हुन्छ । केटाहरुलाई 'परै मैमै' र केटीहरुलाई 'परै रिमै' भनिन्छ । रोधी घरका साथीलाई रोधीरबा, रोधीघरको आमालाई (नेपस्यो आमा) वा रोस्यो आमा, बाबालाई (नेआपा) वा रोस्यो बा भन्ने चलन छ । त्यस्तै गरि केटाहरुको रोधीबाट केटीहरुको रोधीमा मादल र खिर लिएर जाने चलन छ । जसलाइ 'रिमैसँग खिर तिइरा थिवा भनिन्छ' (घले, २०७५) । "मादल भन्दा अगाडि २०३४ सालमा डम्फुको चलन थियो । हाम्रो पालामा मादलको सट्टा डम्फु पुऱ्याउने गर्थ्यो ।" र केहि साल वा समयपछि केटीहरुले केटाहरुको रोधीमा सेलरोटी र जाडरक्सी लिएर जाने चलन छ । जसलाई सिउँलु प्रेबा भनिन्छ । रोधीमा हस्तकलाका सामानहरु बुनेर आफ्नो मनका सुख दुख गीत मार्फत साटासाट गर्ने चलन पनि छ । प्रारम्भमा मनोरन्जनका साधनहरु केहि नभएकोले गर्दा मानिस कृषि पेशामा संलग्न हुन्थ्यो र त्यहि पेशालाई लक्षित गरि रोधीले विभिन्न खालका उद्देश्यहरुका साथ रोधी घरको निर्धारण गरिन्थ्यो । रोधी घरमा १०/१२ वर्षको उमेर देखि केटाकेटीहरु रोधी जाने चलन थियो । रोधी बाट नै धेरै संस्कारहरु सिक्ने अवसर प्राप्त गर्ने भएकोले सानै उमेर समुहका मानिसहरु पनि रोधी घरमा जाने गर्दथ्यो । रोधीघरमा पुरानो बाजाहरु बजाइरन्थ्यो भने रोधी घरको भेषभुषा पनि पुरानै थियो । केटा मान्छेले भाङ्ग्रा, कछाड, भोटो, आसकोट, टोपी लगाउछन भने केटी मान्छेले गुनियो चोलो,

पटुकी, घलेक, क्रमु, मुगाको माला र नौगेरी माला लगाउने चलन छ। रोधीघर बाट बिहेवारी गर्ने चलन पनि चलिआएको छ। गुरुङहरु सामुहिक रुपमा काम गर्न मन पराउछन र रोधीको मुख्य उद्देश्य भनेको नै समुहमा बसेर एकता कायम गर्नु हो । त्यसकारण हुरी (नोकोर) पर्म गर्ने चलन छ । केटाहरुलाई 'थेबै मैमै' र केटीहरुलाइ 'थेबै रिमै' भनिन्छ भने 'मैमै थुमै' र 'रिमै थुमै' पनि भन्ने गरेको पाइन्छ । रोधी गुरुङ समुदायको सांस्कृतिक अभ्यासका साथै नेपाली समाजको पहिचान हो (पन्त, २०४९) ।

| उमेर | प्रयोग गरिने वाद्यवादन | रोधीमा गाउने भाकाहरु | परिचय गर्ने शैली | सञ्चारको माध्यम | रोधीको क्रियाकलाप |
|---|---|---|---|---|---|
| ५८-९५ | मादल, सारङ्गी, खैचडी, डम्फु, बाँसुरी | ढिलो भाका, हा हा भाका, ठाडो भाका, घाटु, कृष्ण चरित्र | एकले अर्कोलाई चेरोटमा नाम लेखी चुरोट साटासाट गरी बैशालु साइनो माया कुबिला (डोलो डोल्स्यो) | कुनै विशेष व्यक्ति (स्यर्वो) खबर आदानप्रदान गर्ने मार्फत खबर पठाउने | सिउँलु सावा, मादल, डम्फु पुऱ्याउने, हुरी, पर्म जाने |
| ४८-५७ | मादल, सारङ्गी, खैचडी र छिटपुट रुपमा रेडियो तथा टेपरेकर्डर, बाँसुरी | ढिलो भाका, हा हा भाका, ठाडो भाका, घाटु, कृष्ण चरित्र | चुरोट साटासाट गरेर मायालु तथा बैशालु साइनो लगाइन्थ्यो | कुनै विशेष व्यक्ति ( स्यार्वो) मार्फत खबर आदानप्रदान गरिन्थ्यो । | सिउँलु सावा, मादल, डम्फु पुऱ्याउने, हुरी, पर्म जाने |
| ३७-४७ | मादल, सारङ्गी, रेडियो, टेपरेकर्डर, | ढिलो भाका ठाडो भाका, आधुनिक | चुरो साटासाट गरिन्थ्यो तर यो बेलामा | कुनै विशेष व्यक्ति ( स्यार्वो) | सिउँलु सावा केही मात्रामा मात्र, मादल र |

| | | | | | |
|---|---|---|---|---|---|
| | बाँसुरी | गीतहरु | औपचारिक रुपमा नाम काढेर पनि बोलाउन शुरु | मार्फत खबर आदानप्रदान गरिन्थ्यो । | डम्फु पनि कम मात्रामा पुऱ्याउने हुरी पर्म यथावत रुपमा । |
| २७-३६ | मादल, रेडियो, टेपरेकर्डर, गितार, हर्मोनियम, बाँसुरी | केही मात्रामा पुराना गीतहरु गाउने, आधुनिक तथा लोक गीतहरु | चुरोट दिएर परिचय गर्ने क्रम बन्द, नाम काढेर वा डोलो डोल्स्यो साइनोमा मात्र सिमित | साथीको माध्यमबाट खबर आदानप्रदान गर्न शुरु, टेलिफोनको शुरुवात | सिउँलु र मादल पुऱ्याउन बन्द । हुरी पर्म यथावत, वनभोज जाने चलन शुरु |
| १६-२७ | मादल, रेडियो, टेप, स्पिकर, युट्युव, गितार, हर्मोनियम | आधुनिक गीत, लोक गीत, चलचित्रका गीत, पप गीत, पश्चिमी शैलीका गीतहरु | बैशालु साइनो हराएको अवस्था, नाम काढेर बोलाउने चल र केही मात्रामा डोलो डोल्स्यो साइनो लगाउने चलन | टेलिफोन, मोबाइल तथा विभिन्न खालका सञ्चार माध्यमबाट खबर आदानप्रदान | हुरी, पर्म केही मात्रामा, पश्चिमी संस्कृतिको विकास, वनभोज जाने चलन |

माथिको तालिकाबाट विगतको समय देखि अहिलेको आधुनिक समयसम्म आइपुगदा रोधी संस्कृतिमा धेरै परिवर्तनहरु आएको कुरा छरप्रष्ट देखिन्छ । यसको मुख्य कारकको रुपमा हामी आधुनिकीकरणलाई दर्साउन सक्छौं । आधुनिकीकरणको कारण कुनै पनि क्षेत्रमा विकास तथा

परिवर्तन आउन स्वभाविक कुरा हो । त्यसैगरी विकास र परिवर्तन सँगसँगै मानिसको चाहना र आकांक्ष बढेको पाइन्छ । त्यही चाहना, उद्देश्य, आकांक्ष र आवश्यकतालाई परिपूर्तिका लागि मानिसहरु आधुनिकीकरण र यसका उपजहरुतर्फ आकर्षित हुँदै जानु र यसको नकारात्मक असर कला र संस्कृतकिो क्षेत्रमा व्यापक रुपमा देखा परेको छ । माथिको तालिका अनुसार ५८-९५ उमेर समूहका र १६-२७ उमेर समूहका रोधीमा धेरै कुराहरु परिवर्तित भएको पाइन्छ । पहिला आफ्नै मोलिक वाद्यवादन जस्तै मादल, सारङ्गी, डम्फु इत्यादि र मौलिक भाकाहरु गाइन्थ्यो भने अहिलेका (१६-२७ समेर समूह) पुस्ताहरु आफ्ना मौलिकपनलाई विर्सेर पश्चिमी संस्कृति तर्फ बढी आकर्षित भएको पाइन्छ । त्यसैगरी सञ्चार माध्यमको विकाससँगै सूचना आदानप्रदान शैलीमा पनि परिवर्तन आएको हामी पाउँछौं । पहिला एक विशेष व्यक्ति माफृत सूचना आदानप्रदान गरिन्थ्यो भने विस्तारै टेलिफोन हुँदै अहिले सबैको हातहातमा मोबाइल फोन पुगिसकेको अवस्थामा फोनबाट नै सूचना साटासाट गरेको पाइन्छ । सञ्चारको विकास सँगसँगै यो ठुलो संसार नै एउटा सानो गाउँमा परिवर्तन भएको छ । मुख्यतया मानिसहरु मनोरञ्जन गर्न, साथी बनाउन र सुख दुःख साट्न सोधी जाने गर्थे भने अहिले यि सब एउटा सनो मोबाइलमा सम्भव हुने भएकोले पनि मानिसहरुमा एक किसिमको “रोधी किन जाने ?” भन्ने मनोसय विकास भएको पाइन्छ । फलस्वरुप रोधीको अस्तित्व मौलाउँदै गएको पाइन्छ । त्यसैगरी मानिसहरु उच्च शिक्षा, स्वास्थ्य सेवा, वैदेशिक रोजगारी आदिको शिलसिलामा बसाई सर्ने गर्छन् । जसको सिधा असर रोधी संस्कृतिमा परेको छ । गाउँमा भने रोधी संस्कृति नै लोप भएको पाइन्छ । त्यसैगरी रोधीमा पश्चिमी संस्कृति भित्रनुमा पनि आधुनिकीकरणको हात रहेको छ । जसको कारण रोधीमा गरिने क्रियाकलापहरु लोप हुँदै गएको पाइन्छ ।

## ४.१ रोधीको उत्पत्ति

प्रारम्भमा मनोरन्जनका साधनहरु केही नभएका गाउँले समाजमा मानिसहरु दिनभरिको थकान, सुखदुखका कुराहरु साटासाट गर्ने, हस्तकलाका सामग्रीहरु बुन्ने देखि लिएर खेतबारीमा हुरि पर्म लगाउने देखि कामको चाजो पाजो मिलाउने देखि लिएर समुहमा बस्न प्रेरित गर्ने ठाउँ बाट नै रोधीको उत्पत्ति भएको हो । “समूहमा बस्ने बानीको विकासबाट रोधीको उत्पत्ति भएको हो ।”

शाब्दिक रुपमा रोधी शब्द रो र धी मिलेर बनेको शब्द हो । ‘रो’ को अर्थ सुत्ने हो र

'धी' को अर्थ घर हो । रोधीमा सबै जना बेलुका खाना खाए पछि दिन भरिको थकान मेटनका लागि रोधीमा गएर बस्छन । रोधीमा बेलुका सबैले हस्तकलाका सामग्रीहरु लिएर आउने र रोधी घरमा सबैले चकटी, राडी, बख्खु, थैला, गुनियो, चोलो, पुवा, चर्खा, ऊन, स्याखु, नामलो, आदि जस्ता सामग्रीहरु बुन्ने चलन थियो । हस्तकलाका सामग्री बुन्नुका साथै रोधीमा मनोरन्जन गर्नका लागि वा आफ्नो मनको वह पोख्नाका लागि दोहोरी, लामो भाका, ठाडो भाका, भ्याउरे आदि गीत हरु पनि गाउने र नाच्ने गरिन्थ्यो । गाउँमा गुरुङहरु मात्र भएकोले समाज को सिर्जना पनि रोधीबाट नै प्रारम्भ भएको थियो । समाजमा बस्ने र समुहमा बस्ने बानी नै रोधीको उत्पत्ति भएको मान्निछ । लमजुङमा रोधी बस्दै हुर्केको र लोकगीत संगीतमा गहिरो अध्ययन गरेका बरिष्ठ लोक गायक कृष्ण गुरुङ भन्छन् "बोलीचालीमा रोदी भनिए पनि शुद्ध शब्द चाहि रोधी हो ।" प्राचीनकालमा मानिसहरु सामाजमा बस्नु त के कुरा आफ्नो घरको परिवार संग पनि राम्रो घुलमिल हुन सक्ने स्थितिमा थिएन । रोधी लाइ मनोरन्जन गर्ने स्थानको रुपमा लिए पनि केहि नभएको गाउँले समाजमा रोधीबाट नै सबै सामाजिक संस्कृतिहरु सिक्ने अवसर प्राप्त हुन्थ्यो । "रोधीमा विस्तारै प्रौढशिक्षा पनि पढाउन थाले । रोधीमा प्रौढ शिक्षाको सुरुवात मैले नै गरेको थिए ।"

मानिसहरु प्रारम्भमा समुहमा बस्ने बानी थिएन ।  समुहमा बस्दा सजिलो हुन्छ भन्ने कुराको ज्ञान पनि थिएन । मानिस भए पनि आ आफ्नो तरिकाले बाचिरहेको हुन्थ्यो । जब मानिसलाइ गाह्रो साह्रो पर्न थाल्यो की तब मानिसमा चेतनाको विकास हुँदै गयो र सबै जना एकै ठाउँमा जम्मा भएर बस्न थल्यो ।  यसरी सँगै बस्दा र सँगै मिलेर काम गर्दा जे पनि छिटो र सजिलो हुन्छ भन्ने चेतना मान्छेमा आउन थाल्यो मानिसहरु बिच घुलमिल हुन थाल्यो ।  प्रारम्भमा रोधीको विकास कहिले देखि भयो भन्ने बारेमा किटानका साथ भन्न न सकिएता पनि यो प्रचलन मानिसमा चेतनाको विकास भए देखिनै गुरुङ समाजमा एउटा संस्कृतिको धरोहर र ऐतिहासिक परम्पराकै रुपमा विकासित हुँदै आएको पाइन्छ ।  रोधीले समयको एउटा काल खण्ड लाई पार गरिसकेको बुझ्न सकिन्छ । प्रारम्भमा रोधी भए पनि रोधी घर भन्ने नामकरण गरिएको थिएन रोधी घर लाइ सबैको साझा घर को रुपमा मात्र हेर्ने चलन थियो ।  साझा घर मा सबै उमेर समुहका मानिसहरु जम्मा हुने गर्दथे । पछि त्यही साँझ घरबाट नै आफ्नो समुह समुहमा विभाजन हुने क्रमहरु सुरु भयो र आफ्नो उमेर अनुसार समुह बनाउने थालियो । त्यहि उमेर समुहले विभिन्न घरमा रोधी गरी बस्न थाल्यो ।  सुरुमा विकासका साधनहरु केहि नभएका अविकसित गाउँमा मनोरन्जनका साधनहरु

पनि कमै मात्रामा हुने गर्दथ्यो । मानिस हरु दिन भरि खेत बारिमा काम गर्दथ्यो र बेलुका घरमा खानपिन गरिसकेपछि रोधीमा जम्मा हुने गर्दथ्यो । सबै जनाले रोधीलाइ एउटा पवित्र स्थल, मनको भारी बिसाउने चौतारी, मनका भावनाहरु साटासाट गर्ने स्थल, समुहमा काम गर्ने ठाउँ, एकताका भावना भएको ठाउको रुपमा लिने गरिन्थ्यो । "हामीले रोधी गएको ५ वर्ष पछि बल्ला मैनटोल बत्तिको विकास भएको थियो ।" हुन पनि रोधी घर जस्तो पवित्र ठाउ अरु ठाउँ हुन सक्दैन्थ्यो । किन भने शिक्षा, सञ्चार, यातायात, विकास, आधुनिकीकरण केहीको पनि विकास नभएको समाजमा रोधीलाइ मानिसको पहिलो पाठशालाको रुपमा चिनिन्थ्यो । गुरुङहरुको जन्म देखि मृत्यु सम्म को सबै संस्कृति पनि रोधी बाट नै सिक्ने भएकोले रोधी गुरुङहरुको एक महत्वपूर्ण संस्कृति भन्ने गरिन्छ ।

उक्त समयमा मानिसहरुको उत्पादन व्यवस्था कृषिमा निर्भर भएको हुँदा दिन भरि काम र बेलुका भएपछि आफ्नो लुगा फाटाहरु बुन्न अथवा सिलाउनका लागि जम्मा हुन्थ्यो । यसरी सधै जम्मा हुने र हस्तकलाका सामग्रीहरु बुन्ने क्रम बाट नै रोधी को उत्पत्ति भएको हो । रोधी भन्न साथ गुरुङहरुको मौलिक संस्कृति भन्ने बुझिन्छ । गुरुङ जातिको आफ्नो संस्कृति र परम्पराहरु छन, यस जातिको भाषा, शैली, संस्कृति, साहित्य, भेषभुषा, परम्परा, मुल्यमान्यता, धर्मकर्म, संस्कार आदि मुल्यवान सांस्कृतिक सम्पदाहरु हुन् ।

## ४.२ रोधी घरको निर्धारण

रोधी भन्ने शब्द गुरुङको मौलिक भाषा बाट रचना गरिएको शब्द हो । यो सन्दी शब्द हो । 'रो' को अर्थ सुत्नु वा बुन्नु हो 'धी' को अर्थ घर अथवा ऊनको धागो बाट राडीपाखी बुन्ने घर वा सिप विकास गर्ने घरलाइ नै रोधी घर भनिन्छ (रोधी, २०७७) । जहाँ फुर्सदको समयमा युवायुवतीहरु, प्रोढ़, महिला, पुरुष सामुहिक रुपमा भेला भएर रितीतिथीको बारेमा भेला, सभा, कचारी गर्ने, कलाकौशलको विकास गर्ने, राडीपाखी बुन्ने बनाउने, ऊनबाट धागो काटने, डोको नाम्लो, थुम्सी, स्याखु, चित्र आदि बुन्ने नैतिक शिक्षाको विकास गर्ने, घाटु नृत्य, सांस्कृतिक र रमाइलो नाचगान गरी मनोरन्जन गर्ने सामाजिक संस्थाको रुपमा रोधीको विकास गरिएको थियो । परम्परागत चलन अनुसार गाउँघरमा युवायुवतीको उमेर १२/१३ वर्ष पुगिसकेपछि मनपर्ने दौतरीहरु एक आपसमा सरसल्लाह गरि गाउँका नैतिकवान, सम्पन्नशाली र सबैलाइ पायक पर्ने घरको पहिचान गरि रोधीघरको निर्धारण गरिन्छ । "रोधी घरको निर्धारण गर्दा समूहको सबै भन्दा सानो साथीको घरलाई छानिन्छ । त्यसैले हाम्रो

समूहमा सबै भन्दा सानो म नै थिए। मेरो घरलाई रोधी घर निर्धारण गरिएको थियो।"

बुन्ने घर लाई रोधी भनिन्छ भने सुत्ने घर लाई पनि रोधी नै भनिन्छ। शब्दलाई दुई तरीका बाट परिभाषित गर्न सकिन्छ। 'रो' भनेको सुत्नु र बुन्नु हो भने 'धी' भनेको घर हो रोधीमा रोधीका सदस्यहरु अर्थात युवायुवतीहरु रोधीमै बुन्ने र सुत्ने हुनाले पनि रोधी भनिएको हो। रोधीघरमा सुत्ने र बुन्ने काम मात्र नभइ सांस्कृतिक कार्यक्रम पनि हुने गर्दछन। विकासका काम देखि लिएर हरेक पक्षमा रोधीबाट सिकीरहेको हुन्छ। रोधीमा सम्मेलित भएपछि रोधीको विभिन्न उद्देश्यहरु हुन्छन, जस्तै युवायुवतीहरु भावनात्मक रुपमा संगठित हुने, चाढ़पर्वमा रमाइलो कार्यक्रमहरु आयोजना गर्ने, प्रत्येक कार्यमा समिक्षाको भुमिका निभाउने, हुरी पर्म लगाएर काम गर्ने, सामाजिक उथानमा अग्रिम भुमिका खेल्ने, क्षेत्रीय सदभाव कायम गर्ने नेतृत्वदायी भुमिका खेल्ने, गीतिकाव्य, घाटु तथा सांस्कृतिक कामलाई निरन्तरता दिने आदि गर्दछन। यस्ता उद्देश्यहरु बोकी रोधी घरको निर्धारण गरिएको हुन्छ।

## ४.३ रोस्यो बा रोस्यो आमा (रोधी घरको आमा बाबा)

कुनै पनि घरलाई सबैको पायक पर्ने, सम्पन्नशाली र भौगोलिक दृष्टिकोणले पनि सम्पन्न घरलाई रोधी घर भनि निर्धारंण गरिसकेपछि त्यही रोधी घरको मुली पुरुषलाई रोस्यो बा र मुली महिलालाई रोस्यो आमा भन्ने चलन चलि आएको छ। रोधी घरको निर्धारण पश्चात रोधीका दौतरी युवायुवतीहरुले त्यही घरमा गई रोधीको मुली आमा र मुली बाबा लाई बिन्ती बिसाइ नियमपूर्वक रोस्यो आमा रोस्यो बा मान्ने चलन छ। रोस्यो आमा र रोस्यो बाले पनि युवा युवतीहरुको बिन्ती स्वीकार गरी आफ्नो घरमा रोधी बस्न दिइ रोधीको एकै उमेर समुहका दौतरीहरुको हेरचाह गर्ने देखि लिएर, रोधीघरमा सन्चालन गर्ने हरेक कार्यक्रमको जिम्मा लिई अभिभावकको दायित्व निर्वाह गर्दछन। र रोधी घरमा गरिने साधारण चियापान, साधारण आवास, नैतिक शिक्षा, सुरक्षा दिने र घरेलु उधोगको लागि आवश्यक पर्ने न्युनतम सामग्रीहरुको व्यवस्था गराउने नैतिक जिम्मेवारी रोस्यो आमा र रोस्यो बाबाको हुन्छ। रोस्यो आमा र रोस्यो बाबाले कहिले पनि आफ्नो रोधीका युवा युवतीहरुको लागि नराम्रो सोच्ने र गर्ने गर्दैनन्। रोस्यो आमा र रोस्यो बाबा को निर्णय र अनुमति बिना रोधीमा कुनै पनि काम वा कार्यक्रम गर्न पाउँदैन। आफ्नो घरको आमा बुवाको भन्दा रोधीको सदस्य भइसकेपछि रोधीको रोस्यो आमा र रोस्यो बुवाको भुमिका ठुलो हुन्छ।

## ४.४ रोधीरबा

रोधी घरको निर्धारण पश्चात रोधीको सदस्यहरुले रोधी भनि निर्धारण गरिएको रोधी घरको युवा र युवती लाइ रोधीरबा भनि सम्बोधन गरिन्छ। प्रत्येक रोधीमा एकजना रोधीरबा हुन्छ । रोधीको १२/१३ जना सदस्य मध्ये रोधी आमा र रोधी बाबाको भुमिका पछि मुख्य भुमिका रोधीरबाको हुन्छ। रोधीमा हुने कार्यक्रममा रोस्यो बा र रोस्यो आमा पछि रोधीरबाको अनिवार्य उपस्थिती हुनुपर्छ । रोधीमा गरिने स्योकै, जात्रा, तिर्थ, सिउँलु, नाचगान, दोहोरी आदि जस्ता कार्यक्रमहरुमा रोधीरबाको मुख्य भुमिका भएकोले रोधीरबा बिना यस्तो कार्यक्रमहरु असम्भव जस्तै हुन्छ रोधीरबाले पनि रोस्यो आमा र रोस्यो बुवा पछिको अभिभारा आ-आफ्नो काँधमा पर्ने भएकोले आफ्नो रोधीको सदस्यहरुलाई राम्रो संग नेतृत्व गरेको हुनुपर्छ । आफ्नो रोधीका सदस्यहरुलाई जात्रा तिर्थ मेला हुरी पर्म जस्ता विभिन्न पक्षमा रोधीरबाले नेतृत्व गरेको हुन्छ । त्यसै बखत जात्रा जाँदा रोधीरबाले प्रत्येक सदस्यहरुलाई चरेसको थाल र कचौरा उपहार स्वरुप दिने चलन छ ।

## ४.५ परै मैमै/परै रिमै

एक रोधीको युवा रोस्योहरुले अर्को रोधीको युवती रोस्योहरु संग अथवा आफ्नो दौतारी युवायुवतीहरुबिच घनिष्ट र मित्रता सम्बन्ध गासी सम्बन्ध अगाडी बढ़ाउनुलाई नै परै रिमै र परै मैमै भनिन्छ। परै मैमै र परै रिमै बिचको सम्बन्ध एकदम पवित्र खालको हुन्छ। रोधीमा गरिने संस्कृति, धार्मिक, सांगीतिक, भलाकुसारी, सभा, सल्लाह, सिपमुलुक विकास, विहेवारी, हुरी, पर्म आदि सबै काममा 'परै रिमै' र 'परै मैमै'को महत्वपुर्ण भुमिका हुन्छ । विशेषगरी युवतीहरुको रोधीमा गरिने विभिन्न कार्यक्रमहरुमा युवाहरुको सहभागिताले विशेष शोभा बढ़ाई रहेको हुन्छ। समुहमा काम गर्नाका लागि सजिलो हुने भएकोले जे काम पनि समुहमा गर्नुपर्छ र गरौ भन्ने भावना बोकि दौतरी अनुसार समुह बनाउने मुख्य उद्देश्य परै रिमै र परै मैमैको हुन्छ। समुहमा काम गर्दा छिटो छरितो र सजिलो भएकोले गर्दा रिमै र मैमै बिच हुरी पर्म गर्ने चलन रहेको छ। परै रिमै र परै मैमै भएपछि हुरी पर्म पनि त्यही रिमै र मैमै बिच मात्र गरिन्छ । हुरी पर्म देखि लिएर धार्मिक विकास, सांस्कृतिक कार्यक्रम जस्ता विभिन्न काममा नेतृत्वको विकास गरी अगाडी बढ़्न युवायुवतीहरुनै अग्रसर हुन्छन । सबै संगै भएर समुहमा आफ्नो दौतरी दौतरी बिच काम गर्न पाउदा रिमै मैमै पनि निकै जोश जांगरका साथ काम गर्ने र अगाडि बढ़्न सक्ने क्षमताको विकास हुन्छ । रिमै मैमै दिनभरि हुरि पर्म गरि काम

गर्छन भने बेलुका खाना खाइसके पछि रोधीमा जम्मा हुन्छन् । रोधीमा जम्मा भएपछि विभिन्न कामहरुको बारेमा सरसल्लाह गर्नुका साथै नाचगान गर्ने, दोहोरी गाउने, हस्तकलाका सामग्री बुन्ने सिलाउने देखि लिएर, एकताका भावना बोकि आफ्नो मनभित्रका सुख दुखका कुराहरु साटासाट गर्ने गर्द्छन । रिमै र मैमै बिच कहिले काही रिमै मैमैको रोधीमा जाने गर्छन भने प्राय मैमै नै रि्मैको रोधीमा बस्न आउँछन् । यसरी रिमै र मैमै भइसकेपछि रिमैको साथ मैमैले दिने र मैमैको साथ रिमैले दिने गर्दछन ।

## ४.६ रोधी बस्नु

रोधी घरको मुली पुरुषलाइ रोधी बा र मुली महिलालाई रोधी आमा भनि सम्बोधन गरिन्छ । उनीहरुको मुख्य काम रोधीलाई व्यवस्थित रुपमा सन्चालन गर्नु हो । गाउँमा हुने साझा कार्यक्रमहरुको बारेमा सामुहिक छलफलको माध्यमबाट सबैलाई प्रकियामा सहभागी गराउनु र बाहिरबाट गाउँमा वा रोधीमा आएका पाहुनाहरुलाई सम्मान गर्ने जस्ता कामहरु पनि रोधीबाटनै हुन्छ ।

गाउँमा दिनभरिको काम सकिएपछि बेलुका खाना खाएर दिनभरिको थकाइ मेटाउन र बिर्साउनका लागि युवतीको रोधीमा आफ्नो दौतरी युवाहरु रोधीमा आएर मनोरन्जन गर्नुलाइ नै रोधी बस्नु भनिन्छ । रोधीमा जम्मा भएर बसेपछि रोधीको मुख्य बाजा डम्फु, मादल, बाँसुरी आदि बजाएर प्रचलित भाका तथा लयमा गीत गाएर रमाइलो गरि आनन्द लिने गर्छन । यसरी गाउने क्रममा रिमै र मैमै बिच आफ्नो मनको कुराहरु गीत मार्फत साटासाट गर्ने गर्दछन । बुढ्यौलीमा पनि आफ्नो यौवनावस्थाको ताजगी र गीतको रस लिन गाउँ घरका बृद्धा आमा बाबाको समेत उपस्थिती रहेको हुन्छ । यसरी गाउँका युवा, युवती, बुढापाका र बालबालिका समेतको जमघट रहने रोधीमा आपसी मान मर्यादा र कर्तव्यलाई पनि उतिकै ख्याल गरिएको हुन्छ । रोधीमा गीत सुन्न आएका गाउँका बुढापाका महिलाहरु तथा रोधीका सदस्यहरु गीत गाउँदै सुन्दै वनपाखाको पूवालाइ पकाएर कुटेर निकालेको धागोबाट सिलाइ बुनाइका कामहरु गर्दछन । भाङ्ग्रा, कछाड, पटुका, राडी, घलेक, गुनियो, थैलो धागो निकाल्ने काम पनि गर्दछन् । त्यस्तै गरी पुरुषहरुले पनि दाम्लो, नाम्लो, थुन्से, डोको, स्याखु जस्ता आवश्यक चिजबीजहरु बुन्ने गर्दछन् । रोधीमा बस्दा जहिले पनि युवा युवतीहरु एकअर्का तर्फ अनुहार प्रष्ट देखिने गरि बस्ने गर्छन । रोधीमा कहिले काहि थप मनोरन्जनका लागि खेलहरु पनि खेलिने गर्दछन् । रोधीमा खेल्ने खेल सेग्रा खेल हो । सेग्रा खेल खेल्दा पूवाको धागो मसिनो

गरि डल्ला पारि आगो सल्काएर एकआपसमा पोल पोल गरेर खेल्ने खेल हो । यो खेलले रिमै मैमैको सम्बन्धमा अझ निकटता थप्ने गर्छ ।

परम्परागत समाज जसका आवश्यकताहरु सीमित थिए र बहिरी संसारसँग सम्पर्क अत्यन्त कम थियो । त्यसबेला मनोरन्जनको एउटा महत्वपूर्ण अंगको रुपमा रोधी रहेको थियो । रोधी मनोरन्जनको स्थल मात्र होइन समाज व्यवस्थाको एउटा साझा मञ्च पनि रहँदै आएको थियो ।

## ४.७ सिउँलु

आफ्नो दौतरी वा रोधीको रोस्योहरुलाइ अर्को रोधीको मैमैहरुले युवतीको (रिमै) रोधीमा सानो उपहारबाट सुरु भएको मालसमानको गुण तिर्न वा आफ्नो रिमैहरुको रोधी बसाइ राम्रो र लामो होस, सम्बन्ध अझै गाढ़ा होस भनि उपहार स्वरुप डम्फु र खिर पकाइ रिमैको रोधीमा पुराउने र त्यसको फलस्वरुप रिमैले पनि आफ्नो मैमै प्रति माया देखाएर सम्बन्धलाइ अझै दिगो र आगाडि बढ़ाउनको लागि रोटी र रक्सी पुराउने चलनलाइ नै सिउँलु सवा भनिन्छ ।

यो चलन पुरानै रोधीबाट सुरुवात भएको हो । प्रारम्भमा मनोरन्जनका साधनहरु नभएकोले मानिसहरु दिनभरि काम गर्ने र बेलुका रोधी गएर रमाइलो गरि आफ्नो मनको भारी बिसाउने गर्दथ्यो । यसरी सधैको कामले मानिसहरु थकित हुन्थ्यो र कसरी थकाइ मेट्न सकिन्छ भनि कामलाई थाती राखेर वर्षमा एकचोटी गोठमा गएर मैमैले दुध मागेर ल्याएपछि रोधीको प्रत्येक रिमैलाइ एक पाथी चामलको हिसाबले खिर पकाउने र आफ्नै हस्तकला र सिप बाट तयार पारिएको डम्फू उपहार स्वरुप लिएर रिमैको रोधीमा जाने गर्दथ्यो । यसरी मैमैले डम्फू र खिर लिएर आएपछि केटि साथी (रोधीको रोस्योहरु) पनि रोधी आमा र बाबाको सल्लाह अनुसार मैमैलाई ३ /४ दिन सम्म रोधीमा राखेर मिठो मिठो खाना खुलाएर दिन रात डम्फू बजाएर रमाइलो गर्ने गर्थ्यो । “सिउँलु पुऱ्याउन जाँदा रिमैहरुले हात र मुख पनि घर भित्र थालमा धोइदिन्थ्यो ।”

प्रारम्भमा धेरै मानिसहरु गोठमा बस्ने चलन थियो । गोठ पनि धेरै थियो । प्राय केटा मान्छेहरु गोठमा बस्ने चलन थियो । यसरी गोठमा बस्दा रिमैको सम्झना आउने भएकोले मैमैहरु समुह बनाएर गोठमा दुध जम्मा गरेर दुधबाट कोराउनी पकाएर रोधी बस्न आउने चलन थियो । मैमैहरु गोठबाट आएपछि रिमैहरुले मिठो खाना खुवाउने र रोधी बस्ने व्यवस्था

मिलाउने काम गर्छ। यसरी रोधी बस्ने क्रममा नै माया पिरती बसेर कोहीको बिहे पनि भएको हुन्छ। रिमैको रोधीमा गीत गाउने रमाइलो गर्ने क्रममा बाजाको आवश्यकता परेको हुन्छ, त्यही आवश्यकता परिपूर्ति गर्नका लागि मैमैहरुले रिमैलाइ डम्फू, मादल आदि उपहार स्वरुप दिन आँउछ र त्यसको बदलामा केटी पक्षले पनि प्रत्येक केटा एकसयका दरले रोटी र दुई बोतल रक्सी पुराउँछ। यसरी पुराउँदा केटीको रोधीमा केटी पक्षबाट भरिया समेत लिएर जाने चलन छ। केटा पक्षले पनि केटी पक्षको जस्तै ३/४ दिन राखेर मात्र केटीहरुलाई घर फर्काइन्छ। पछि यसको बदलामा रिमैले भाङ्ग्रा, कछाड, बख्खु आदि दिने चलन छ भने केटा पक्षले चोलो, गुनियो, घलेक, क्रमु आदि दिइ आफ्नो सम्बन्धलाई मजबुत बनाउँछ।

## ४.८ हुरी

हुरीलाइ गुरुङ भाषामा नोकोर भनिन्छ। 'नो' भनेको पर्म र 'कोर' भनेको गोलो हो। गोलो जस्तै पालैपालो सँग सबैको काम गर्ने भएकोले हुरीलाइ नोकोर भनिन्छ।

हुरी भनेको वयस्क उमेर समुहका युवायुवतीहरुको एउटा काम गर्ने जमात हो, जसमा न्युनतम १२/१४ जनादेखि लिएर बढ़ीमा २५/२६ जना सम्म युवक युवतीहरु हुन्छन। युवक युवतीको कोही कोही हुरीमा बुढ़ा बुढ़ीहरु रोस्यो बा रोस्यो आमाहरु पनि सहभागी हुन्छ तर नगन्य मात्रमा मात्र हुरी गर्ने युवा युवतीहरु पालैपालो सँग आफ्ना हुरीका सदस्यहरुमध्ये जसलाइ बढ़ी आवश्यक पर्दछ उसैको काम गर्ने जान्छन। हुरी गर्दा खेरी आफ्नो परै रिमै र परै मैमै बिच मात्र हुरी गर्ने चलन रहन्छ। हुरी र विभिन्न साँस्कृतिक कार्यक्रमहरु गर्नका लागि नै परै रिमै र परै मैमैको सम्बन्ध जोडेको हुन्छ। परै मैमै र परै रिमै बिच हुरी पर्मले गर्दा झन सम्बन्धमा मजबुतपन बढ्ने सम्भावना हुन्छ। हिउँदमा काँचो दाउरा बोक्ने, फागुनमा मल बोक्दा, जेठमा कान्ला तास्दा, मकै, कोदो, धान रोप्दा, गोड्दा, छाड्दा, भाँच्दा, मकै, कोदो टिप्दा इत्यादि मौसम अनुसारको मुख्य मुख्य काम हुदाँ यस किसिमको हुरी गर्ने गर्दछन्। सबै मौसम अनुसार परै रिमै र परै मैमै बिच नै हुरी गर्ने चलन रहेको हुन्छ। "हुरी गर्यो भने मात्र काम गर्न मन लाग्ने नत्र काम नै गर्ने थिएन गाउँको केटाहरु।"

## ४.९ तिर्थ / जात्रा

प्रारम्भमा मनोरन्जनका साधनहरु केहि नभएको कारण गाउँले समाजमा युवतीहरु

वर्षभरी खेतबारीमा काम गर्ने चलन थियो । त्यही वर्षभरिको दुख बिर्सनाका लागि रोधीको रोस्यो आमा र रोस्यो बा को सरसल्लाहमा आफ्नो रोस्योहरुलाइ महिनावारी नहुँदै मनोरन्जनका लागि वा तिर्थका लागि पवित्र हुन्छ भन्ने मनसायले रोधीको रोस्योहरुलाइ माघेसक्रान्तिमा कास्की जिल्लाको पोखरामा पर्ने ढङ्गेसाघुमा दर्शनका लागि गाउँबाट जात्रा लाने चलन थियो । यसरी जात्रा जाने गर्दा रोधीको सबै सदस्यहरुका बुवा आमा रोधीघरमा ३/४ चोटी सभा गरी सल्लाह गरेर मात्रा जात्रा जाने पक्का गर्दछन् । "रोधी घरबाट जात्रा गए पछि मात्र रोस्योहरुको विहे गर्ने चलन रहेको थियो ।"

यसरी जात्रा जाने चलन प्रारम्भकाल देखि नै चलि आएको थियो । जात्रा जादाँ गाउँका सबै मानिसहरु रोस्योहरुको खुट्टा धुने भनेर आउँछन् । र सबैले पैसा दान गरेर जान्छन । जात्राको लागि पहिलै समय अवधी तोकिएको हुन्छ । १ हप्ता वा सो भन्दा बढ़ी पनि हुन सक्छ । जात्रा जानका लागि रोस्योहरु ४/५ महिना पहिले नै हुरीमा सल्लाह भएको हुन्छ र जात्रा जाने समय भएपछि आफुलाइ चाहिने सामानहरु मिलाउँछन् । जात्राका लागि रोस्योहरुको प्रमुख प्रतिनिधित्व गर्ने मान्छे आवश्यक पर्दछ । त्यसको लागि जात्रा जाने ठाँउको बारेमा राम्रो सँग चिनजान भएको र सबैको बारेमा थाहा पाउने खालको हुनुपर्दछ । एक रोधी बाट रोधीको जवानी भरिमा २ चोटी जात्रा जाने चलन छ । एक चोटी बेशी तिर जान्छ भने अर्को चोटी लेक तिर जान चलन हुन्छ । लेकतिर जादाँ मनाङ हुँदै मुस्ताङको मुक्तिनाथ निस्कने चलन छ । यसरी जात्रा जादाँ २/३ जना समुहको प्रतिनिधित्व गर्ने मान्छे र ४/५ जना भरिया समेत लिएर जाने चलन थियो । मनाङ हुँदै मुस्ताङ जाने बेलामा कम्तीमा पनि २०/२५ दिनको पैदल यात्रा गरेर जानु पर्ने थियो । पैदल यात्रा गर्दा थकाइको महसुस नहोस भनेर १/२ महिना पहिला नै रोधीघरमा झयाउरे, ठेटेर नाच, दोहोरी, लामो भाका आदि गीत र नाचहरु सिकाउने चलन थियो । दिनभरि पैदल यात्रा गर्ने र बेलुका भएपछि अलि बाक्लो बस्ती भएको ठाउँमा बास बस्ने र सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने गरिन्थ्यो । यसरी कार्यक्रम सञ्चालन गरे बापत उठेको पैसा गाउँमा फर्के पछि कुनै ठाउँमा पुण्य गर्नको लागि बाटो, चौतारी, धारा आदिको निर्माण गरिन्थ्यो । त्यसबाट बचेको रकम चाहि रोधीको रोस्योहरुले एउटा स्योकै को आयोजना गरि गाउँका ठुला बडा मानिसहरु र परै मैमैलाइ रोधीमै निमन्त्रण गरिन्थ्यो भने जात्रा जानाका लागि खुट्टा धुने भनेर पैसा दान गर्नेलाइ पैसा अनुसार रोटी हालेर रोटी र रक्सी घर घरमा पुराउँथ्यो । जात्राको लागि जाने प्रतिनिधित्वहरु र भरियाहरुलाइ पनि घरमा रक्सी र रोटी पुराउँछ र प्रतिनिधित्व गर्नेहरुको लागि रोधी सबै सदस्यहरु गएर उनीहरुको खेतमा

एक दिन काम गरिदिने चलन हुन्छ ।

यसरी आफ्नो चेलीबेटीहरुको मनोरन्जनका लागि आफ्नो आमाबाबा र रोस्यो आमा रोस्यो बाबा पनि लागि परेका हुन्छन् । आफ्नो रोस्योहरुको लागि सबैथोक सहेर बिर्सेर काम गरेको हुन्छ ।

# अध्याय - पाँच

## रोधीमा आएका परिर्वतन र कारणहरु

रोधी संस्कृति गुरुङहरुको मौलिक संस्कृतिको धरोहरको रुपमा मनिन्छ। रोधीमा गुरुङ जातिको हरेक संस्कृतिहरु देखि लिएर सबै परम्परा रोधीबाट नै गरिने भएकोले नै रोधीलाइ मुख्य सांस्कृतिक धरोहरको रुपमा मनिएको छ।

प्रारम्भमा रोधीमा मौलिक संस्कृतिको रुपमा मानिएता पनि अहिले रोधी संस्कृतिमा धरै परिर्वतन भएको पाइन्छ। समयको कालखण्डसंगै रोधीको असित्व पनि विस्तारै परिर्वतन हुँदै आएको देखिन्छ। प्रारम्भमा रोधी साधारण जमघट र सुखदुख बाढ्ने स्थलको रुपमा स्थापित भएपनि बिस्तारै हस्तकलाका सामग्रीहरु बुन्ने ऊन काट्ने, दिनभरिको थकान मेट्ने पवित्र स्थानको रुपम चिनिन्थ्यो भने अहिले आएर गाउने, नाच्ने र अन्य मनोरन्जनका क्रियाकलापहरु गर्ने स्थानको रुपमा परिणत भयो। प्राचीनकालमा रोधी एकदमै  मौलिक र अनुशासित थियो भने रोधीमा बजाइने बाजाहरु पनि मौलिक बाजाहरु नै प्रयोग हुन्थ्यो। जस्तै मादल, खैजडी, डम्फू जस्ता साधनहरु मुख्य बाध्यवाधनका साधनहरु थियो भने पछिल्लो समयमा विद्युतीय सञ्चार तथा शिक्षा, आधुनिकीकरणका विकास संग संगै रेडियो, टिभी, टेप हुँदै युट्युब, साउण्ड सिस्टम जस्ता साधनहरुले गर्दा मौलिक बाजाहरु लोप हुन लागेको अवस्थामा छ। आधुनिक दृष्टिकोणले हेर्ने हो भने पाश्चात समाजमा पाइने नाइट क्लब, जस्तै रोधी घर पनि क्लबको रुपमा स्थापना भइसकेको स्थितीमा पाइन्छ। मौलिक रोधीमा अनुशासनको मर्यादा हुन्थ्यो भने अहिलेको रोधीमा अनुशासनमा ध्यान दिइएको पाइदैन। मौलिक रोधीमा शिक्षा, यातायात, आधुनिकता, औधोगिकीकरण, बसाइसराई, वैदेशिक रोजगार जस्ता कुराहरुले प्रभाव पारेको   थिएन। किनभने प्रारम्भकालमा शिक्षाको विकास नभएकोले केहि समस्या थिएन। अहिले पश्चिमी संस्कृति, आधुनिकीकरण, यातायात, शिक्षा, सञ्चार माध्यम आदि जस्ता सामाजिक तथा आर्थिक अवस्थाका कारण मौलिक रोधी परिर्वतन भएर आधुनिक रोधी तर्फ उन्मुख हुँदै छ्न। "हाम्रो पालामा बिजुली पनि थिएन, पानसको बत्तिमा कति धेरै हस्तकलाको सामग्रीहरु बुन्ने गर्थ्यो। अहिले त बिजुली आएर पनि केही गर्दैन। रोधीमा खाने काम मात्र हुन्छ।"

मौलिक रोधीमा गाउने गीत संगीत पनि मौलिक हुन्थ्यो भने रोधीका सदस्यहरुले

लगाउने भेषभुषा देखि बोलीचाली, रोधी साइनो, भाषा, बाजाहरु सबै मौलिक र गुरुङ संस्कृति अनुसार नै लगाउने र बोल्ने गरिन्थ्यो भने आधुनिक रोधीमा सबै परिर्वतित भएको पाइन्छ । रोधीको मौलिक संस्कृति तथा परम्परानै परिर्वतन भएको पाइन्छ । "अहिलेको केटाकेटीहरु रोधी घरलाई मान-सम्मान गर्ने गरेको पाइदैन ।"

## ५.१ शिक्षाको प्रभाव

रोधी संस्कृतिमा आएका मुख्य परिर्वतनका कारण भनेको नै शिक्षाको विकास हो । प्रारम्भमा शिक्षाको विकास भएको थिएन । शिक्षाको विकास नभएको कारणले गर्दा मानिसहरु साधारण शिक्षा रोधीबाट नै प्राप्त गर्ने गर्दथे । केहिको पनि विकास नभएका गाउँले समाजमा मानिसहरुका चेतनाको विकास हुने थलोको रुपमा रोधीलाई लिन सकिन्थ्यो । रोधीमा साधारण चेतनाको विकासका साथै हस्तकला तथा सिपको विकास हुने भएकोले रोधीमा सधैं जम्मा हुने गर्दथ्यो । "अहिले शिक्षाको विकास भएपछि सबैको गृहकार्य गर्नुपर्छ रोधीमा आउनुको सट्टा पढ्नु पर्छ ।"

प्राचीनकाल देखि नै मानिसहरु एक ठाउँमा जम्मा भएर बसे पनि शिक्षाको विकास भइनसकेको कारणले गर्दा मानिसमा चेतनाको कमि थियो । दिनभरिका कामपछि सबै जना बेलुका खाना खाएर सबै जना रोधीमा जम्मा हुन्थ्यो हाँस खेल गर्ने, ठट्टा गर्ने गरिन्थ्यो । मनोरन्जन गर्ने थलो नै रोधी थियो । त्यति बेलाको समयमा काम, हुरी, पर्म आदिको मात्र समस्या हुन्थ्यो । त्यसका लागि सरसल्लाह गर्नका लागि भएपनि मानिसहरु रोधीमा जम्मा हुने गर्दथे । मानिसहरु रोधीमा जम्मा हुने नाचगान गर्ने, हस्तकलाका सामग्रीहरु बुन्ने, एउटाले जानेको अर्कोलाइ सिकाउने आदि कुरामा मात्र सिमित थियो । प्रारम्भमा रोधीलाइ एकदम प्राथमिकता दिइन्थ्यो । रोधी मानिसको लागि पहिलो पाठशाला नै थियो । शिक्षा क्षेत्रको विकास नभएको कारणले गर्दा मानिसहरु घर र खेतबारी, वन जङ्गल इत्यादिमा मात्र सिमित रहेको हुन्थ्यो । मानिसको दिनचर्या नै छुट्टै खालको थियो । मानिसको चिन्ता कसको, कहाँ, कसलाई हुरी पर्म लगाउने, के काम गर्ने, कसरी गर्ने आदि कुरामा मात्र सिमित थियो । फुर्सद्को समयमा जङ्गलमा गएर सिकार खेल्ने, तरुल खन्ने, तरकारी खोज्ने, बनको खानेकुराहरु खोज्ने, फल फूल टिप्ने, सिस्नु काटेर, पूवा निकाल्ने आदि कामहरुमा मानिसको दिनहरु बित्थ्यो । रोधी संस्कृति बाट नै महिला वा पुरुषले सबै खालका कला संस्कृतिहरु सिक्ने अवसर प्राप्त गर्ने गर्दथ्यो । अन्ततः रोधी एक मौलिक संस्कृतिको रुपमा स्थापित थियो ।

जब शिक्षाको विकासको सुरुवात भयो बिस्तारै मानिसहरु शिक्षा तर्फ उन्मुख हुँदै जान थाल्यो । गाउँमा विद्यालयको स्थापना भएपश्चात मानिसहरु रोधीमा भन्दा विद्यालयमा धेरै जम्मा हुन थाल्यो । मानिसहरुमा शिक्षाको विकास सगै चेतनाको विकास बृद्धि हुँदै गयो । विस्तारै मानिसहरु रोधी घरमा जम्मा हुन छाडयो । काम प्रति भन्दा शिक्षा प्रति मानिसहरु उन्मुख हुन थाल्यो । गाउँमा सबै मानिसहरुले आफ्ना बच्चाहरुलाइ काम गर्न नपठाइ विधालय पठाउन थाल्यो । चेतनाको विकासले गर्दा रोधीमा मानिसहरु कम हुन थाल्यो र रोधी विस्तारै हराउँदै जाने स्थितीमा पुग्यो । मानिसहरु उच्च शिक्षा हाँसिल गर्ने क्रममा विभिन्न शहर बजारमा जान थाले, भने केटाहरु भर्ती हुने, विदेश जाने क्रम बढ्न थाले । देश विदेश घुमेर आएका लाहुरेहरु र शिक्षित वर्गमा रोधी एक नकारात्मक प्रवृति हो भन्ने भावना जाग्न थाल्यो । प्राचीनकाल देखिको मानिसहरुको विचार शिक्षित मानिसहरुको तुलनामा एउटा युग नै परिर्वतन गर्नु पर्छ भन्ने धारणाहरु उत्पन्न हुन थाल्यो । शिक्षालाइ बढी प्राथमिकता दिने र रोधी संस्कृतिलाइ कम मात्रामा प्राथमिकता दिनाले रोधी विस्तारै लोप हुने स्थितीमा पुग्न गयो । अहिलेको शिक्षण युगमा विकासका कारणहरुले गर्दा पनि रोधी घरमा पुरानो बाजाहरु लोप हुन गयो । बाजा सहित मानिस पनि फुर्सतको समयमा विद्यालयमा दिएका गृहकार्यहरु गर्न थाले । रोधीमा बुन्ने हस्तकलाका सामानहरुको सट्टा, रोधीमा गरिने कृयाकलापहरु नै घट्दो क्रममा भएपछि रोधीको बसाइ लामो भएन । पहिले १२ महिना हुरी, पर्म लगाउने त्यही ठाउँमा परिर्वतन भइ पछिल्लो समय हुरी, पर्म विधालय छुट्टी हुने दिनहरुमा मात्र लगाउने भयो । शिक्षाले गर्दा रोधी परम्परालाइ मात्र होइन हरेक क्षेत्रमा मानिस प्रति चेतनाको विकास भएको पाइन्छ । मानिसहरु उच्च शिक्षा हासिल गर्नका निम्ति विभिन्न ठाउँ तथा देश विदेशमा जाने क्रम बढ्न थाल्यो । यसरी गएकाहरुले गर्दा पनि रोधी परम्परालाइ असर परिरहेको हुन्छ । रोधी संस्कृति लोप हुँदै जानुका साथै रोधी परम्परालाइ एक आधुनिक परम्परामा राखेर मौलिक रोधीलाइ विस्थापित गरेको धैरे उदाहरणहरु पनि पाउन सकिन्छ ।

## ५.२ पश्चिमी संस्कृतिको प्रभाव

शिक्षाको विकास संगसंगै मानिसहरुको आवश्यकता बढ्दै गयो । आवश्यकता परिपुर्ति गर्नका लागि कोहि विदेशिए भने कोहि गाउँबाट बसाइ सरेर गरी नयाँ ठाँउमा वा शहरमा जानेक्रमहरु बढ्न थाल्यो । यसरी मानिसको आवश्यकताहरु परिपुर्ति गर्नका लागि एक ठाँउबाट अर्को ठाउँमा बसाइ सरी जाने क्रमहरु बढ्न थाले । यसरी बढ्दो बसाइ सराइले गर्दा विभिन्न

ठाँउको विभिन्न संस्कृति तथा संस्कारहरुको पालना गर्ने क्रममा देश तथा विदेशका संस्कृतिहरु पनि गाउँ ठाँउमा भित्रिनु स्वाभाविक नै हो ।

गाउँमा पनि विभिन्न प्रकारका विकासहरु हुन थाले । विकास र विकृति संगसंगै आँउछ भने जस्तै विकासका साधनहरुसँगै विकृतिहरु पनि उत्पन्न हुन थाल्यो । मानिसहरु गाउँ छोडेर गएपछि गन्तव्य स्थानको रहन सहन, नक्कल संस्कृति सबैलाइ समेटनु पर्ने बाध्यताहरु भयो । त्यही संस्कारहरुलाई समेट्दा आफ्नै गाउँठाउँको भेषभुषा, भाषा, रहन सहन, परम्परा, संस्कृति, संस्कार आदि सबै नराम्रो र पुरानो हुन जान्छ । रोधी संस्कृति गुरुङहरुको एक मौलिक संस्कृति भएको कारणले गर्दा पनि रोधी परम्परामा आधुनिकता थिएन । अहिले पश्चिमी संस्कृतिको मिश्रणको प्रभावले गर्दा जन्मउत्सब मनाउने, केहि नयाँ चिजहरु भित्रयाउने, लोक संस्कृतिको सट्टा आधुनिक संस्कृति तथा गीतहरु भित्रिनु, स्यौकै, हस्तकलाका सामानहरु बुन्नुको सट्टा बनभोज, जुवा तास, विदेशी रक्सी लगायत खाने कुराहरु भित्रिनु, रोधीमा मौलिक बाजाहरु लोप हुदै जानु विधुतीय बाजाहरु तथा रेडियो टेप, स्पीकर आदि जस्ता साधनहरु बजाएर नाच गान गर्नु, रोधी घरमा गरिने हरेक क्रियाकलापमा फरक हुनु । पश्चिमी समाजलाई अंगालेर आधुनिक सभ्यताको क्लब, डिस्को, पबको मौलिक रुपमा लिदै रोधीमा जानुको सट्टा क्लब, डिस्को, पब आदिमा जाने र आवश्यकता भन्दा बढी मात्रामा आर्थिक रुपमा खर्च गर्नुका साथै हो-हल्ला गर्नु, बियर, वाइन, रम जस्ता महङ्गो रक्सीहरु सेवन गर्ने, राति-राति धेरै हिलडुल गर्ने जस्ता विकृतिहरु अहिलेको आधुनिक युगमा हामी प्रशस्तै देखिन सक्छौ । “अहिले त सबै देश विदेश पढ्न र पैसा कमाउन जान्छन् । अहिलेको मान्छेको विचार र पुरानाको विचार नै मिल्दैन ।”

त्यसै गरी रोधीमा संलग्न हुँदा एकतिर समय खेरा फालिरहेका छौ भने अर्को तिर आर्थिकभार बढीरहेको छ भन्ने भनाइहरु समेत रोधीमा स्थानीय बासीबाट आएको पाइन्छ । जस्तै हो-हल्ला र कोलाहलले गर्दा समाजमा शान्ति छाएको छैन । मौलिक रोधीलाई विस्थापित गर्दा रोधी बस्ने प्रवृति नै परिर्वतन भइरहेको छ । रोधी घरमा गरिने क्रियाकलाप देखि लिएर रोधी घरको रोस्यो आमा र रोस्यो बाबाको समेत कुरा नमान्ने स्थितीमा पुगेका पाइन्छ । रोधीलाइ एक विकृतिको रुपमा लिएका पश्चिमी संस्कृति रोधी भन्दा बढी फैलिरहेको अवस्थामा छैन भन्न सकिदैन ।

## ५.३ यातायात

यातायात भनेको मानिस र सामानहरु एक ठाउँबाट अर्को ठाउँमा लैजाने प्रक्रिया हो । यातायात आर्थिक विकासको प्रमुख शर्तहरु मध्ये एक हो । दैनिक आवश्यकता वा औद्योगिक आवश्यकता पुर्ति गर्न धेरै सामानहरु एक ठाउँबाट अर्को ठाउँमा सार्न आवश्यक हुन्छ *(GP, 2021)* । एक ठाउँबाट अर्को ठाउँमा जानका लागि प्रयोग गरिने साधनलाई यातायातको साधन भनिन्छ । विकासका पूर्वाधारहरुमध्ये यातायात पनि एक हो । तर हाम्रो ग्रामीण क्षेत्रहरुमा यातायातको पूर्णरुपमा विकास भएको पाइदैन । गाउँको अनुहार फेर्नका लागि यातायातलाइ जीवनको अभिन्न अंगका रुपमा हेरिने भएकोले गाउँ बिउँझाउने, उठाउने र विकासको बाटोमा हिडाँउने आधार तत्वको रुपमा यातायातले नेतृत्वदायी भुमिका खेल्दछ । गाउँ गाउँ बिचको सम्बन्ध बलियो बनाउन, गाउँ र शहर बिच आत्मीयता बढ़ाउन, गाउँलाई प्रचार गराउन, राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रको सम्बन्ध गाढ़ा बनाउन यातायातले मुटुको काम गर्दछ । सभ्यता र सत्यतालाइ चिरन्जिवी बनाउने अभियानमा यातायातको भूमिका उल्लेख्य मानिन्छ । यसरी यातायातले गर्दा हरेक क्षेत्रमा विकास भएको पाइन्छ । यातायात बिना विकास सम्भव हुँदैन । त्यसैलेत ग्रामीण विकासलाइ गतिशील बनाउने मुल आधार भनेकै यातायात हो । यातायातले गर्दा हरेक क्षेत्रमा विकास भई विकास संग संगै सकरात्मक र नकरात्मक पक्षहरु पनि उत्पन्न हुन्छन् । त्यही पक्षहरुले गर्दा आज रोधी परम्परामा विभिन्न खालको परिर्वतनहरु आएको पाइन्छ । पहिले रोधीका सबै रोस्योहरु गएर गर्ने काममा यातायातको विकास भएपछि गाडीले गरिरहेका छन । आधुनिक युगमा आधुनिकीकरणको कारणले गर्दा हरेक ठाउँमा धेरै जनाले गर्ने काम एउटै साधनले गरेर छिटो सकिने प्रयास गरिरहेको हुन्छ । यातायातले गर्दा शहर र गाउँको दुरी नजिक भएको छ र त्यही कारणले गर्दा शहरको रमझम, रहन सहन छिटो गाउँमा पुग्ने भएको छ । त्यही रमझम र शहरीकरणको अनुकरणले मौलिक रोधी लोप हुन भइ आधुनिक रोधीको स्थापना भएको पाइन्छ । रोधी बस्ने प्रकृतिमा परिर्वतन आइ बनभोज र मोजमस्तीको रुपमा रोधीलाइ लिइरहेको पाइन्छ ।

## ५.४ सञ्चारको प्रभाव

सञ्चार भनेको विचार, जानकारी वा सुचनाको आदान प्रदान गरिने प्रक्रिया हो । वास्तवमा सञ्चार, सुचना एवम जानकारी प्रवाह गर्ने प्रणाली तथा प्रक्रिया दुबै हो । हिजोआज ईन्टरनेट, वेबसाईट, इमेल र सामाजिक संजालहरु, अनलाइन खबर तथा सुचना सञ्चार समेत

अभौतिक माध्यमहरुको बढ्दो लोकप्रियताका साथै अत्याधिक प्रयोग भैरहेको छन् । विकासको बढ्दो क्रमले गर्दा सञ्चारका साधनहरु गाउँघरमा पनि पुगि सकेको अवस्था छ । सञ्चारका माध्यमका कारणले गर्दा मानिसहरु विभिन्न प्रकारका माध्यममा व्यस्त रहेको अवस्था रहेको छ । अहिलेको आधुनिक युग र बढ्दो ग्रामीण विकासले गर्दा गाउँ गाउँमा ईन्टरनेटको सेवा उपलब्ध भएको छ । जसले गर्दा समाजमा राम्रा तथा नराम्रो सुचनाहरु छिटो प्रवाह हुने गर्दछ । सञ्चार भनेको अर्थ सृजना गर्ने प्रक्रिया हो । यो समूह सदस्यहरु बीच विचार आदान-प्रदान र अन्तरक्रिया हो *(Foluke Fatimayin, 2018)*।

समाजमा भइरहेको विकृति विसङगतिहरुलाइ पनि ईन्टरनेटको प्रभावकारीताले गर्दा छिटो भन्दा छिटो सबै सामु पुग्ने गरेको छ । एकै ठाँउमा बसेर विश्व नै हर्ने सकिने अवस्थामा हामी पुगेको छौ । त्यही कारणले गर्दा बढ्दो ईन्टरनेट तथा सामाजिक संजालहरुको प्रयोगले गर्दा महिला हिंसा, पुरुष हिंसा जस्ता नकारात्मक हिंसा धेरै मात्रामा बढेको पाइन्छ । गाउँघरमा पनि रोधी संस्कृतिमा नकारात्मक असर परिरहेको छ । ईन्टरनेटको जमाना रहेकोले मानिसहरु रोधीमा आउनेको सट्टा ईन्टरनेटमा रमाउन थालेको छ । आफ्नो व्यक्तिगत जीवनलाइ भन्दा बढ़ी प्राथमिकता सामाजिक संजाललाइ दिइरहेको छ । जसका बावजुद समाजमा रोधी प्रति हेर्ने दृष्टिकोण नै बदलिएको पाउँछौ । सञ्चार माध्यमका कारणले गर्दा रोधीमा गाउने भाका देखि लिएर सबै खालका क्रियाकलापहरु ईन्टरनेटमा उपलब्ध भइरहन्छ । रोधीमा गाउने मौलिक गीतको सट्टा ईन्टरनेटको सहायताले गीत बजाइन्छ । यस्ता किसिमका समस्याहरुले गर्दा सञ्चार माध्यमले रोधीलाइ लोप हुन तिर उन्मुख गरिरहेको छ ।

## ५.५ रोधी संस्कृतिको विवाहमा आएका प्रभावहरु

'रो' को अर्थ सुत्ने वा बुन्ने हो भने 'धी' को अर्थ घर हो। सुत्ने घर वा बुन्ने घर लाइ नै रोधी भनिन्छ । रोधी एक मौलिक र परम्परागत संस्कृति हो ।  विवाह भनेको एउटा सामाजिक संस्था हो । मानव समाजले आफ्नो यौन जीवनलाइ नियन्त्रित र व्यवस्थित गर्नका लागि विवाहरुपी संस्थाको सिर्जना गरिएको हो । वास्तवमा विवाह महिला र पुरुष एक अर्काका पूरक सामाजिक संस्थाहरु हुन ।

विवाहको सामान्यतया स्वीकृत र समावेशी परिभाषा दुई व्यक्तिहरु बीचको औपचारिक संघ र सामाजिक कानूनी सम्झौता जसले तिनीहरुको जीवनलाई कानूनी आर्थिक र भावनात्मक रुपमा एकताबद्ध गर्दछ । अनुवन्धात्मक विवाह सम्झौताले सामान्यतया दम्पतीको

जीवनभर वा उनीहरुले सम्बन्ध विच्छेद गर्ने निर्णय नगरेसम्म एक अर्को प्रति कानूनी दायित्वहरु छन् भन्ने बुझाउँछ । विवाहित हुनुले वैवाहिक सम्बन्धलाई पनि वैद्यता दिन्छ । परम्परागत रुपमा, विवाहलाई नैतिकता र सभ्यताको संरक्षणमा मुख्य भूमिकाको रुपमा हेरिन्छ *(Stritof, 2021)*।

महिला तथा पुरुष विभिन्न आर्थिक वा सामाजिक कार्यमा सहभागी बन्नु, सन्तान उत्पत्ति कार्य गर्नुका साथै तिनको लालनपालन एवम सामाजिकरण गर्नु विवाहको प्रमुख कार्य हो । विवाह स्त्री र पुरुष बिच बलियो सम्बन्धको गाँठो स्थापित गराइ पारिवारिक जीवनमा प्रवेश गराउने एक सामाजिक प्रक्रिया हो । समाजमा आधुनिकीकरणको विकास सँगसँगै रोधी संस्कृतिमा परिर्वतन आउनुका साथै रोधीबाट गरिने विवाह प्रणाली पनि प्रभाव पारेको पाइन्छ । प्रारम्भमा आधुनिकीकरण र पश्चिमी संस्कृति शिक्षा जस्ता संस्कृतिको परिर्वतन नभएको बेला समाज एकतर्फी रुपमा सिमित थियो भने वर्तमान परिस्थितीमा विभिन्न प्रविधि र शिक्षाको विकाससँगै समाज परिवर्तनशिल भएको कारणले रोधीबाट हुने विहेवारी रोकिएको अवस्थामा रहेको छ । रोधीबाट विहेवारी हुदाँ संस्कृति क्रमबद्धताका साथ विवाह गर्ने चलन गुरुङहरुको मौलिक संस्कृति रोधीमा थियो भने वर्तमान अवस्थामा सांस्कृतिक विवाह गर्ने चलन हराइ सकेको स्थितीमा रहेको पाइन्छ । अहिले शिक्षाको विकास भएको खण्डमा रोधीको सह विधालयमा मानिस धेरै हुन्छन् । पढाइको कारणले गर्दा उच्च शिक्षा हासिल गर्ने मानिसहरु ढ़िलो विवाह गर्ने गर्छन । प्रारम्भमा रोधीबाट विहेवारी गर्दा छिटो विवाह गर्ने र धेरै सन्तान पाउँने, महिलालाइ सन्तानको लालनपालनमा लगाउने जनसंख्या धेरै वृद्धि हुन्थ्यो भने अहिले विभिन्न अवसरहरुको खोजी र आवश्यकताले गर्दा ढिलो विवाह गर्ने र थोरै सन्तान जन्माउने गर्द्छन ।

रोधीमा वा रोधीबाट विवाह गराउँदा रोस्यो आमा र रोस्यो बाबाको ठुलो भुमिका रहन्थ्यो । संस्कृति क्रमबद्धताका साथै विवाह सम्पन्न हुन्थ्यो । गुरुङ रीतिरिवाज, चालचलन, परम्परा अनुसार विवाह गरिन्थ्यो भने अहिले आएर विवाह सांस्कृतिक रुपमै परिर्वतन भएको पाइन्छ । पहिलेको संस्कृति अनुसार भोजभतेर गर्ने चलनहरु थिएन अहिले आएर भोजभतेर गर्ने, मेहेन्दी लगाउने, पश्चिमी संस्कृतिको नक्कल गर्ने र प्रेम विवाह र मागी विवाह गर्ने चलन धेरै बढेको पाइन्छ । मागी विवाहमा पनि पश्चिमी संस्कृति नै भित्रिएको पाइन्छ । आर्थिक रुपमा पनि अहिलेको विवाहमा धेरै खर्च हुने गर्दछ । यसले समाजमा प्रतिस्पर्दाको

भावना पैदा गर्ने र समाजलाइ विखण्डन गर्ने समस्या तिर उन्मुख गरेको पाइन्छ । समाजमा शिक्षा र आधुनिकीकरणको विकास भएपनि एकतिर संस्कृतिलाइ विस्थापित गर्ने बाटो निस्कीरहेको पाइन्छ । समाजको परिर्वतन र विकासका कारण गुरुङ जाति भित्र मात्र विवाह गर्ने र गराउने जाति पछिल्लो समयमा अन्तरजातीय विवाह गरेको पनि पाइन्छ ।

# अध्याय-छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

लमजुङ जिल्ला क्व्होला सोथार गाउँपालिका वडा नं. ४ भुजुङ गाउँमा बसोबास गर्ने गुरुङ जातिको रोधी संस्कृतिमा आएको परिवर्तनको अवस्था यस शोधपत्रमा अध्ययन गर्न खोजिएको छ। नेपालमा विभिन्न जनजातिहरु मध्ये गुरुङ मध्ये गुरुङ जाति एउटा प्रमुख जाति हो । गुरुङ जाति आफ्नै मौलिक भाषा, लिपी, संस्कृति संस्कार, परम्परा भएको जाति हो । जसमध्ये गुरुङको मौलिक संस्कृतिको रुपमा रोधी संस्कृतिलाई लिएको पाइन्छ । रोधी संस्कृतिलाई गुरुङको मौलिक संस्कृतिको धरोहरको रुपमा विभिन्न कालखण्ड नाघिसकेको पाइन्छ । तरपनि रोधी संस्कृति वर्तमान स्थितिलाई नियाल्दा प्रारम्भको जस्तो मौलिक संस्कृतिमा चलेको पाइदैन। प्रारम्भ मनोरञ्जनका साधनहरु केही नभएको गाउँले समाजमा रोधी मनोरञ्जनका साधनको रुपमा लिइन्थ्यो भने अहिले आएर समाज परिवर्तनका कारणले र अन्य विभिन्न प्रविधि तथा आधुनिकीकरणको कारणले गर्दा रोधी संस्कृतिमा मौलिकपन हराइसकेको अवस्थामा रहेको पाइन्छ। रोधी संस्कृतिको हरेक पक्षहरुलाई पश्चिमी संस्कृति, विकास, यातायात, सञ्चार माध्यम, बसाइसराई, आर्थिक स्थिति, वैदेशिक रोजगार जस्ता पक्षहरुको कारणले गर्दा पनि प्रभाव पारेको पाइन्छ। आधुनिक नाइट क्लवले प्रतिस्थापन गरेको कारण क्रमशः ग्रामीण क्षेत्रमा रोधी घट्दै गएको छ। मानिसहरु भेटघाट गर्ने, संगीत र नृत्यमा आफ्नो विचार साझा गर्ने, आफ्नो संगीत र नाच संस्कृति संगीत, नृत्यहरु गाउँहरुमा एकल वा समूहमा प्रदर्शन गर्ने चलन कम भएको छ। नयाँ पुस्ताले लुगा, खाना, भाषा, गीत, भेषभुषा र नृत्यकाच सन्दर्भमा पश्चिमी संस्कृतिको प्रभावहरु देख्न थालेको पाइन्छ । परम्परागत स्थानीय भन्दा विदेशी संस्कृतिको नक्कल, आधुनिक पश्चिमी शैलीको विकासले परम्परागत नृत्य र रोधी लोप हुँदै गएको अवस्थामा पाइन्छ। सांस्कृतिक रुपहरु विविध तत्वहरु मार्फत सिर्जना हुन्छन् खाना फेसन संगीतमा आदि व्यापक हुँदै गइरहेका छन् । जसले मौलिक संस्कृतिमा नोक्सान पुऱ्याउँदछ। शारीरिक सामाजिक र साँस्कृतिक आर्थिक जीवन प्रभावित भइरहन्छ।

यो अध्ययन विशुद्ध सामाजिक अध्ययन भएकोले अध्ययनबाट निस्केका तथ्याङ्कहरु

वर्णनात्मक तथा व्याख्यात्मक प्रवृत्तिको रहेको छ । उक्त प्रस्तावित गाउँका रोधी संस्कृतिको बारेमा राम्रो ज्ञान भएका विभिन्न रोधीका सदस्यहरु लेख, रचना, पत्रपत्रिका, किताबहरु आदि अध्ययनका सूचनाको स्रोतहरु हुन् भने यो स्रोतबाट आवश्यक पर्ने प्राथमिक एवम् द्वितीय सूचना एवम् तथ्याङ्कहरु लिइएको थियो ।

उक्त गाउँमा ४५ जना मानिसहरुबाट संकलित तथ्याङ्कहरुलाई यिनको प्रकृति अनुसार विश्लेषण व्याख्या र प्रस्तुतिकरण गरिएको छ । रोधी संस्कृतिमा आएका परिवर्तनको अवस्थालाई अन्तर्वार्ता र अवलोकन विधि अध्ययनबाट प्राप्त तथ्यहरुको आधारमा आधुनिकीकरणको सिद्धान्तका मान्यतासँग तुलनात्मक अध्ययन गरी सारांश निकालिएको छ ।

## ६.२ निष्कर्ष

नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक एवं बहुसांस्कृतिक देश हो । नेपालमा बस्ने विभिन्न जातजाति र जनजातिहरु मध्ये आफ्नै भाषा र मौलिक संस्कृति भएको एउटा प्रमुख जाति गुरुङ जाति पनि एक हो । गुरुङ जातिहरुको विभिन्न मौलिक संस्कृति मध्ये रोधी संस्कृतिलाई प्रमुख संस्कतिको रुपमा मानिन्छ ।

रोधी गुरुङ समुदायको सांस्कृतिक अभ्यासका साथै नेपाली समाजको पहिचान हो र यो संस्कृति नेपालको गुरुङ समुदायमा लोकप्रिय छ । रोधी युवा युवतीहरुको लागि एक संस्था हो । सामान्यतया १०-१२ वर्षको उमेर समूहका लागि रोस्यो आमा र रोस्यो बाबाको नियन्त्रणमा मनोरञ्जन गर्नको लागि एक आदर्श संस्था हो ।

रोधी घर एक उद्देश्य भएको संस्था हो र यसले सामाजिक, साँस्कृतिक पक्षमा जोड दिइएको छ । रोधी साँस्कृतिक पहिचन हो, जसले संस्कृति र परम्परालाई पहिचान, प्रतिविम्वित गर्न ऐनाको रुपमा काम गर्दछ । प्रारम्भमा समाजमा अन्य मनोरञ्जनको अभाव रहेको समयमा रोधी घरको अधिक महत्व रहेको थियो । रोधी, रमाइलो र मनोरञ्जनको साथै विचारहरु साटासाट गर्ने, दुःख सुख र खुसी साटासाट गरी हस्तकलाका सामानहरु बुन्ने र सांस्कृतिक कार्यक्रमहरु गर्ने एक संस्थाको रुपमा स्थापित थियो । गुरुङ समुदायमा युवाहरुको छुट्टै, युवतीहरुको छुट्टै रोधी हुन्छ । युवाहरुलाई “परै मैमै” र युवतीहरुलाई “परै रिमै” भनिन्छ । रोधी घरको साथीलाई “रोधीरबा” र रोधी घरको आमालाई “नेपस्यो” आमा बाबालाई “नेआपा” भन्ने चलन छ । त्यस्तै गरी केटाहरुको रोधीबाट केटीहरुको रोधीमा डम्फु, मादल

र खिर लिएर जाने चलन छ र केही समय पछि केटीहरुले केटाहरुको रोधीमा सेल रोटी र रक्सी लिएर जाने चलन छ, जसलाई सिउँलु फोबा भनिन्छ । रोधी संस्कृति भित्र गुरुङहरुको जन्म देखि मृत्युसम्मको सबै परम्पराहरु पर्दछन् ।

समयको प्रवाह र सामाजिक परिवर्तनसँगै रोधीको परम्परागत कार्य र अर्थमा केही परिवर्तन भएको देखिन्छ । वर्तमान रोधीले विगतको जस्तो प्रदर्शन गर्न सकेको छैन । युवा युवतीको आवश्यकता अनुसार आधुनिकता तिर उन्मुख हुँदै छ । तसर्थ रोधी पश्चिमी अभ्यासमा परिवर्तन हुँदै गइरहेको छ । आधुनिक मनोरञ्जनका साधनहरु, चलचित्र, आधुनिक गीतहरु, पश्चिमी संस्कृति, संगीतको, प्रभाव, शिक्षा, पेशा जनसंख्या परिवर्तन र युवायुवतीको कम रुचिले गर्दा रोधी संस्कृतिमा परिवर्तन आएको पाइन्छ । विभिन्न किसिमका सञ्चार माध्यमहरुले गर्दा नयाँ नयाँ कुराहरु सुन्न र देख्न पाइने, घरमा टि.भी., रेडियो, हातहातमा मोबाइल, ईन्टरनेटले गर्दा पनि समाज सानो भएको महशुस गर्नु र देश विदेशको भेषभुषा र संस्कृतिको बारेमा छिटो भन्दा छिटो थाहा पाउने भएकाले पनि मानिसको रुचि चाहना पश्चिमी संस्कृति तर्फ उन्मुख भएको पाइन्छ । यातायातका विकासको कारण एक ठाउँबाट अर्को ठाउँमा जानको लागि मानिसहरु सजिलै आवात-जावत गर्ने भएकोले अहिले सबै किसिमका प्रविधिहरु गाउँ-गाउँमा भित्रिएको पाइन्छ । गाउँ घरको संस्कृतिलाई छोडेर शहरिया पश्चिमी संस्कृतिलाई अंगालेको पाइन्छ ।

# सन्दर्भ सामग्रीहरु


काफ्ले, डोलराज, (२०५६) । *'गुरुङ संस्कृति र घाँटु नाच',* इतिहास विभाग नेपालगञ्ज ।

खत्री, प्रेम कुमार, (२०५८) । *नेपालका धार्मिक मत र सामाजिक संरचना,* एम।के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स, भोटाहिटी काठमाडौं ।

गुरुङ, जगमान, (२०३४) । *'गुरुङ जाति तथा संस्कृति'* पोखरा सेन्टर प्रेस, भीमसेन टोल, पोखरा ।

गुरुङ, दिपेन्द्र, (२०६७) । *'गुरुङ संस्कृति'* अध्ययन पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्व विद्यालय ।

गुरुङ, राम, (२०६२) । 'गुरुङ जातिको साँस्कृतिक परम्पराहरु' प्रकाशिका, श्रीमती आइतमाया गुरुङ, एपोलो अफसेट प्रा.लि. काठमाडौं ।

गुरुङ, सु.चन्द्रमणी, (२०६५) । *क्होलार पौबै तमु क्युई ताँ,* सिग्देल अफसेट प्रेस, पोखरा औद्योगिक क्षेत्र ।

गुरुङ, सुनिता, (२०५४) । *'गुरुङ संस्कृतिमा रोधी गीतको अध्ययन'* नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, किर्तीपुर ।

गुरुङ, सुकुमाया, (२०७०) । गुरुङ समुदायमा विवाह पद्धतिमा आधुनिकीकरण प्रभाव, रुपन्देही जिल्लाको भैरहवा सिद्धार्थनगरमा आधारित एक अध्ययन, अप्रकाशित शोधपत्र, पृथ्वीनाराण क्यामपस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

घले, ओवी, (२०७५) । *'गुरुङ जाति र लोक संस्कृति',* मादी न्यूज, दैनिकी, अनलाइन मिडिया, नयाँबजार, पोखरा ।

घले, हर्क, (२०५७) । *गुरुङबारे एउटा थकाली कथा/तमु फ्हेलु संघ केन्द्रीय समिति,* पोखराद्वारा प्रकाशित (१३-१४) ।

डिजिटल, रोधी, (२०७७) । *'रोधीको उत्पत्ति'* माघ, वर्ष १४ डिजिटल मिडिया, मित्रनगर काठमाडौं ।

तमु, गौरी, (२०७५) । *रोधी कविता,* नागरिक दैनिक पत्रिका, नेपाल रिपब्लिक मिडिया लिमिटेड, सुन्धारा, काठमाडौं ।

विष्ट, डोर बहादुर, (२०००) । *पिपुल अफ नेपाल,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

भण्डारी, देवराज, (२०७१) । *गुरुङ जातिका छात्राहरको शैक्षिक तथा सामाजिक समस्या,* मिजुरेडाँडा गा.वि.स. कास्कीको एक अध्ययन, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय पोखरा ।

पन्त, सरोज राज, (२०४९) । *'गुरुङ समुदायको पहिचान लोपोन्मुख रोधी सांस्कृतिक अभ्यास,* आदर्श सञ्चार दैनिक, असार वर्ष २१ अंक १ आदर्श टोल, बाग्लुङ ।

मोइजाला, पिर्को, (२०७४) । *ग्रामीण गुरुङ संगीतको इथ्नोग्राफिक अध्ययन,* निरन्तरता र परिवर्तन (टंक प्रसाद गुरुङद्वारा अनुवादित), काठमाडौं, नेपालः रत्न पुस्तक भण्डार ।

शर्मा, जनकलाल, (२०३९) । *हाम्रो समाज एक अध्ययन,* काठमाडौंः साझा प्रकाशन ।

हाडा, गम्भीर बहादुर, (२०७७) । *नेपालको सन्दर्भमा विकासमा आधुनिकीकरणको सिद्धान्त र यसको महत्व,* सुलसुले डटकम, आर्थिक दैनिक भदौ, वर्ष ११ अंक १६ चाहना पब्लिकेशन प्रा.लि., कुपण्डोल, ललितपुर ।

Beebe, Maurice. (1972). "Ulysses and the age of modernism" *James Joyce Quarterly* University of Tulsa.

Bhushan Vidhya and D.R. Sachdeva. (2008). *An introduction to sociology,* Allahbad: Kitab Mahal India.

Childs, Peter. (2000). Modernism, Roputledge, London.

Eisenstadt, S.N. (1974). *Studies of modernization and sociological theory history and theory.*

Fatimayin, Foluke. (2018). *What is communication*, Researchgate.net, Nigeria.

Hughes, Robert. (1991). *The shock of the new: art and the century of change.* Londo: Thames and Hudson.

Jha, Makhan. (1994). *An introduction to anthropological thoughts*, New Delhi: Vikas publication house, India.

Lewis, Pericles. (2000). *Modernism, nationalism and the novel*, Cambridge university press.

Mishra, Chaitanya. (2065). *Badlido nepali samaja*, Kathmandu, Fineprint INC.

Pignede, Bernad. (1966). *Himalayan population of Nepal*, Ratna Pustak Bhandar, Kathmandu.

Sir, GP. (2021), *Importance of transportation*, Hamrolibrary.com, Biratnagar, Nepal.

Stritof, Sheri. (2021). *Definition of marriage*, Brides.com, Newyork USA.

Tamu, Dillijung. (2054). *Tamu jatiko parichaya*, Jivan printing sarpotas press, Nayabazar, Kathmandu.

# अनुसूची एक

तपाईलाई प्रस्तुत शोधको उत्तरदाताको रुपमा छनौट गरिएको छ। तसर्थ तपाईको यो अनुसूचीको आधारमा गुरुङ जातिको रोधी संस्कृतिमा आएको परिवर्तनका बारेमा केही तथ्य संकलन गर्ने योजना अुनसार सम्पर्कमा आएको छु । आफ्नो अनुभव र भोगाईको बारेमा आवश्यक तथ्यहरु उपलव्ध गराइदिनु हुन विनम्रता पूर्वक आग्रह गर्दछु। तपाईले दिनु भएको तथ्याङ्कहरु केवल अनुसन्धानका लागि मात्र प्रयोग हुनेछन्। साथै पूर्णत गौप्य रहने प्रतिबद्धता गर्दछु।

उमा देवी गुरुङ

नाम -

उमेर -

लिङ्ग -

ठेगाना -

रोधीको नाम -

**अन्तर्वार्ता अनुसूची**

१) रोधीको उत्पत्ति कसरी भयो ? कृपया आफ्नो भनाइ व्यक्त गरिदिनु होला।

.....................................................................................................................

२) प्रारम्भमा रोधीको विकास कसरी भयो ?

.....................................................................................................................

३) रोधीघरको निर्धारण कसरी गरिन्छ ?

.....................................................................................................................

४) रोधी घरमा रोधी बा र रोधी आमाको मुख्य भुमिका कस्तो खालको हुन्छ ?

.....................................................................................................................

५) रोधी घरमा लगाइने साइनो (उपनाम) के को आधारमा राखिन्छ ?

.........................................................................................................................

६) कति उमेर समुह देखि मानिसहरु रोधीमा जान्छन ?

.........................................................................................................................

७) किन रोधीलाइ गुरुङहरुको संस्कृतिको रुपमा मानिन्छ ?

.........................................................................................................................

८) रोधीघर बाट बिहेवारी गर्ने चलन हुन्छ कि हुँदैन ? यदि हुन्छ भने भएको खण्डमा त्यसको साँस्कृतिक क्रमबद्धता कस्तो हुन्छ ?

.........................................................................................................................

९) रोधीमा रिमै र मैमै बिच मादल पुराउने (सेका) चलनको सुरुवात कसरी भयो होला ?

.........................................................................................................................

१०) रोधी संस्कृति प्रारम्भमा कस्तो खालको थियो ?

.........................................................................................................................

११) रोधी किन विकृतिको कारण बन्यो ?

.........................................................................................................................

१२) किन रोधीलाइ आधुनिक सभ्यताको क्लब, डिस्को र पबको मौलिक रुप हुन भनिदै छ ?

.........................................................................................................................

१३) रोधीमा पुरानो बाजाको साटो किन आधुनिक बाजाहरु बजाउन थाल्यो ?

.........................................................................................................................

१४) पश्चिमी संस्कृतिको प्रभावले गर्दा रोधी संस्कृतिमा के कस्तो किसिमको प्रभाव परेको छ ?

.........................................................................................................................

१५) रोधी संस्कृतिमा सेका तथा अन्य कार्यक्रमहरु गर्दा आर्थिक स्थितीमा कस्तो प्रभाव परेको छ ?

.........................................................................................................................

१६) रोधी आधुनिक/पश्चिमी संस्कृतिको प्रभावले गर्दा समाजमा परेका प्रभावहरु के के हुन ?

.............................................................................................................

१७) रोधीबाट हुने बिहेवारीले समाजमा कस्तो किसिमको प्रभाव पारेको छ ?

.............................................................................................................

१८) पश्चिमी संस्कृति तथा आधुनिकीकरणको कारणले गर्दा रोधी संस्कृति र नयाँ पुस्तामा कस्तो प्रभाव परेको छ ?

.............................................................................................................

१९) रोधीबाट जात्रा जाने चलन कसरी सुरु भयो ?

.............................................................................................................

२०) घाटु नाच किन रोधीमा राखिन्छ? घाटु र रोधीको सम्बन्ध कस्तो हुन्छ ?

.............................................................................................................

२१) रोधी किन लोप हुँदै छ ?

.............................................................................................................

२२) रोधीको मुख्य उद्देश्य के के हो ?

.............................................................................................................

(क) समुह बनाउनु

(ख) हस्तकलाका सामग्री बुन्नु

(ग) दुःख सुख साटासाट गर्नु

(घ) दिनभरिको थकान मेट्नु

२३) रोधीमा कति जना सदस्यहरु हुन्छन ?

(क) .................. जना

(ख) ................. जना

(ग) .................. जना

(घ) ................... जना

२४) रोधी संस्कृतिले गुरुङहरुलाइ कस्तो खालको शिक्षा दिन्छ ?

(क) परस्पर मित्रताको भावना

(ख) सहयोगको भावना

(ग) एकताको भावना विकास

(घ) माथिका सबै

२५) रोधी संस्कृति भित्र के के पर्दछन ?

(क) सेका पुराउने

(ख) हुरि र पर्म

(ग) जात्रा र तिर्थ मेला

(घ) बिहेवारी

(ङ) माथिका सबै

(च) अन्य

२६) पश्चिमी संस्कृतिको कारण रोधी संस्कृतिमा लोप हुनेका कारण के के होला ?

(क) दोहोरी साँझ

(ख) पब र डिस्को

(ग) सञ्चार माध्यम

(घ) माथिका सबै

२७) रोधीमा गाइने गीत कति प्रकारको हुन्छ ?

(क) ......................................................

(ख) ......................................................

(ग) ......................................................

(घ) ......................................................

२८) किन अहिलेको पुस्ताले रोधीलाइ नकारात्मक दृष्टिले हेर्दै छन ?

(क) ......................................................

(ख) ......................................................

(ग) ......................................................

(घ) ......................................................

२९) रोधीमा परै मैमै र परै रिमैको सम्बन्ध कस्तो खालको हुन्छ ?

(क) ......................................................

(ख) ......................................................

(ग) ......................................................

(घ) ......................................................

३०) रोधीको बारेमा थाहा पाउँदा तपाईको उमेर कति थियो ?

(क) ......................................................

(ख) ......................................................

(ग) ......................................................

(घ) ......................................................

# अनुसूची दुई

## अनुसन्धान कर्ताले अन्तर्वार्ता अनुसूची भराउँदा र अवलोकन गर्दा लिएका तस्बिरहरु








# अनुसूची तीन

## अध्ययन क्षेत्रको नक्शा

